
# लेखापरीक्षण प्रतिवेदन

# भोजपुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भोजपुर नगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/258

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
भोजपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
भोजपुर।

## कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड १८ लाख ५५ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. २२ लाख, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको २ लाख र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४४ लाख १५ हजार समेत गरी रु.११ करोड ४६ लाख ७० हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्ब ४४ करोड ९९ लाख ९० हजार लेखापरीक्षण गरिएकोमा रू. ८३ लाख ९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२२ लाख ३१ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.४४ लाख ६४ हजार हजार रहेको छ। गत वर्षसम्म रु.१२ करोड ७५ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ५९ लाख ७० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने भोजपुर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त

अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन् ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भोजपुर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ४२ | ८३,०८,५६९ | ० | १२ | २२,३१,१३६ | ० | ७८ | ३० | ६०,७७,४३३ | १,३२,६५१ | ४४,६३,९८४ | १४,८०,७९७ | ० | ० | ५९,४४,७८१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | १२,७५,९२,००० | | ७,०१,०९,६६४ | ५७४८२३३६ | २४१०५४१ | ६०,७७,४३३ | ६५९७०३१० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६४ | गिट्टी, ढुंगा, बालुवाको कर | ६८,६६३ |
| २ | २०७८/७९ | ४७ | सोझै खरिद : | ७९,३०,४५९ |
| ३ | २०७८/७९ | ७० | भाडाको सवारी साधनः | २४,०९,००० |
| ४ | २०७८/७९ | १०३ | भरपाई पेश नभएको : | ९०,००,००० |
| ५ | २०७८/७९ | ५५ | नियम विपरित कार्य : | ३४,९२,००० |
| ६ | २०७८/७९ | ८२ | थप कर्मचारीः | ६,३८,६४० |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/७९ | ६७ | कर्मचारी करार : | ४१,३२,५७० |
| ८ | २०७७/७८ | ८८ | हस्तान्तरण गरेको प्रमाण पेश नभएको | ७४,९९० |
| ९ | २०७७/७८ | ७१ | स्वकीय सचिव र सल्लाहकार | १,८०,००० |
| १० | २०७७/७८ | ५५ | सौर्य उर्जा प्रविधि जडान | ३,००,००० |
| ११ | २०७७/७८ | ५१ | सोझै खरिद | ३९,६५,३७१ |
| १२ | २०७७/७८ | ५६ | समानीकरण अनुदान | १३,१५,००० |
| १३ | २०७७/७८ | ३८ | सडक सौर्य बत्ती जडान | १९,८९,०२६ |
| १४ | २०७७/७८ | ७ | सक्कल बील पेश नभएको | ३,५३,५७४ |
| १५ | २०७७/७८ | ५४ | विद्यालय पाठ्यपुस्तक | ४५,४८,८७६ |
| १६ | २०७७/७८ | १० | वितरण भरपाई | १०,७६,६६६ |
| १७ | २०७७/७८ | ३२ | मौज्दातमा सामग्री | ४,९१,९५६ |
| १८ | २०७७/७८ | ७२ | मुल्य अभिवृद्धि कर कट्टि | ६८,६४० |
| १९ | २०७७/७८ | ७४ | ब्लड बैंक | ३,३५,१४३ |
| २० | २०७७/७८ | ४०,१ | बढी परिमाणमा | ५,४०,८९१ |
| २१ | २०७७/७८ | १०१ | पेश्की | ४३,६५,६०६ |
| २२ | २०७७/७८ | २५ | पुँजीगतबाट अन्य संस्थाको सोधभर्ना | ४०,८४,८६८ |
| २३ | २०७७/७८ | ९५ | नाफामुलक संस्थालाई अनुदान | १६,४९,००० |
| २४ | २०७७/७८ | ३७ | नम्स फरक पारी मुल्याङ्कन | २,८४,५४९ |
| २५ | २०७७/७८ | ८४ | तालिम/कार्यक्रम प्रशिक्षण भत्ता | २,६३,००१ |
| २६ | २०७७/७८ | २२ | कर्मचारी करार | ४३,७२,२९० |
| २७ | २०७७/७८ | १७ | उपभोक्ता समितिबाट खरिद | १४,६४,००० |
| २८ | २०७७/७८ | ११ | उपचार खर्च | २०,२०,००० |
| २९ | २०७७/७८ | १८ | अनुगमन प्रतिवेदन | ८६,४४,८८४ |
| ३० | २०८०/८१ | ५६.१ | सेनिटरी प्याडको खरिद, बितरण र मापदण्डः | ७,९७,३२८ |
| ३१ | २०८०/८१ | ५३ | विद्यालय सुधार योजनाः | ५५,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | २०८०/८१ | ४७ | विद्यार्थी निर्वाह खर्चः | १,८०,००० |
| ३३ | २०८०/८१ | ८०.२ | राजस्व तर्फः | ११,९८,८०८ |
| ३४ | २०७९/८० | ३७ | पेश्की व्यवस्थापनः | ५०,००० |
| जम्मा | | | | ७,२३,४०,८०० |

# (८०१०७४०१३०० - भोजपुर नगरपालिका )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडारहेको छ भने क्षेत्रफल ६८.४ वर्ग किलोमिटर तथा १७७५६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२८ देखि २०८१।६।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१,४४,९९,८९,६९१।६८ (एकीकृत वित्तीय विवरण अनुसार) को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण दफा-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,३०,४३७।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय बिबरणः**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी संचित कोष | | २७५४५३७८ | १ | चालु खर्च तथा पूँजीगत खर्च | | ५५७४५७९५४ |
| | क) नगद | | ० | | चालु खर्च | ४२४५९३१४८ | ० |
| | ख) बैंक | २७५४५३७८ | ० | | पूँजीगत खर्च | १३२८६४८०६ | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ११६२५३६५३ | २ | धरौटी खर्च र मौज्दात | | ७२९७५२५ |
| | क) आन्तरिक राजस्व | २२५१५०९० | ० | | धरौटी मौज्दात | ५४४६०४६ | ० |
| | ख) राजस्व बाँडफाँड संघ | ९३७३८५६३ | ० | | धरौटी खर्च | १८५१४७९ | ० |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ४३८०७५०६० | ३ | कोष खर्च र मौज्दात | | १४८२५६५२ |
| | क) वित्तीय समानीकरण अनुदान | ९६५३४००० | ० | | कोष खर्च | ८९४९५४२ | ० |
| | ख) सशर्त अनुदान | ३२७३९१००० | ० | | कोष मौज्दात | ५८७६११० | ० |
| | ग) समपूरक अनुदान | ४७५२००० | ० | ४ | बैंक मौज्दात संचित कोष | | १९७३१७१५ |
| | घ) विशेष अनुदान | ९३९८०६० | ० | ५ | शसर्त अनुदान फिर्ता | | ३४६५०१४६ |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | २७७९१००० | ६ | IPFMS बाट भूक्तानी | | ११४६७०४०० |
| | क) वित्तीय समानीकरण अनुदान | ६४२९००० | ० | | सामाजिक सुरक्षा भत्ता | १११६१२३८१ | |
| | ख) सशर्त अनुदान | १२४४९००० | ० | | सामाजिक सुरक्षा भत्ता फिर्ता | २४३०१९ | |
| | ग) समपुरक अनुदान | ८९१३००० | ० | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | |
| ५ | IPFMS बाट भूक्तानी | ० | ११४६७०४०० | | पर्यटन पूर्वाधार विकास आयोजना | १५००००० | |
| | सामाजिक सुरक्षा भत्ता | १११८५५४०० | ० | | पर्यटन पूर्वाधार विकास आयोजना फिर्ता | ७००००० | |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | ० | | गरिवसंग विश्वेश्वर | ४१५००० | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | २२००००० | ० | | | | |
| | गरिवसंग विश्वेश्वर | ४१५००० | ० | | | | |
| ६ | धरौटी आय | ० | ७२९७५२५ | | | | |
| ७ | कोष तर्फको आय | ० | १५९००७५४ | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | अ ल्या हिसाब मिलान बाँकी | ० | १०९९६२२ | | | | |
| | जम्मा | | ७४८६३३३९३ | | जम्मा | | ७४८६३३३९३ |

२.२ उपरोक्त बमोजिमको एकीकृत आर्थिक विवरणमा रु. १०,९९,६२२।- हिसाब मिलान हुन बाँकी जनाईएको छ । यस सम्बन्धमा गत बर्षको अ. ल्या. कम आम्दानी जनाइएको कारण उक्त रकम थप गरी हिसाब मिलान गरेको भन्ने पालिकाको भनाइ रहेको छ । यस सम्बन्धमा एकिन गरी पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,१८,५५,४००।- र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. २२,००,०००।- गरिबसंग विश्वेश्वर कार्यक्रमको रु. ४,१५,०००।-, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रु. २,००,०००।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. १२,७५,०००।- समेत गरी रु. ११,५९,४५,४००।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नुपर्नेमा गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन।

• स्थानीय स्तरमा सञ्चालन हुने तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्नेमा सो व्यवस्थाको पूर्ण पालना भएको नदेखिएको

• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ५ बजेट पेश, पारित र अख्तियारीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।९ मा रु.६४ करोड.२९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।९ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

### ६ फरक हिसावः

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ५४,९७,७८१.४१, यस वर्षको प्राप्ति रु. (१०,१३,५९,६५५.६३) यस वर्षको भुक्तानी रु. (१५,४१,७३,३१८.५८) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७० ) | ३३०४३१५९.७४ | ६०६८२९७३७.०५ | ६२०१४११८१.४२ | १९७३१७१५.३७ |
| एकीकृत आर्थिक विवरण अनुसार | २७५४५३७८.३३ | ७२१५००८३७.०५ | ७७४३१४५०० | १९७३१७१५.३७ |
| फरक | ५४९७७८१.४१ | -१०१३५९६५५.६३ | -१५४१७३३१८.५८ | ० |

### ७ बैङ्क हिसाब विवरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाब विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाब विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| धरौटी मौज्दात | ५२,०६,५४६.२५ | ५४४६०४६.२५ | २,३९,५००.०० |
| ग १.१ आन्तरिक राजस्व खाता | १,७८,५९४.१३ | ० | १,७८,५९४.१३ |
| बैङ्क मौज्दात | | | ४,१८,०९४.१३ |

उल्लेखित विवरण अनुसार बैंक र स्रेस्ता अनुसार रु. ४,१८,०९४.१३ फरक रकम म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान हुनु पर्दछ ।

## ८ आन्तरिक आयः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५५७४५७९५३.७६ | २,२३,५३,५२५.६० | ४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ९ लक्ष्य प्रगति:

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ाइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २४३ | ० | ० | ० | २४३ |

## १० क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,१८७१३३६.०० | ५,५३५३८०२.९९ | ८९.४७ |
| २ | पूर्वाधार विकास | ७,३३६४०००.०० | ५,८२२७५७६.३४ | ७९.३७ |
| ३ | सामाजिक विकास | ३७५४,२९१६४.०० | ३२९७१२३१०.२० | ८७.८२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५८८५००० | ४०२६९२६.०० | ६८.४३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२६४,२८१००.०० | ११०१३७३३८.२३ | ८७.११ |
| जम्मा | | | | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबैभन्दा बढी ८९.४७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबै भन्दा घटीमा ६८.४३ प्रतिशत रहेको छ ।

## ११ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२,२५,१५,०८९.७३ राजस्व बाँडफाँट रु. ९,३७,३८,५६३.१८ र अनुदानबाट रु.४५,५८,६६,०६०।- समेत रु.५७,२१,१९,७१२.९१ आम्दानी भएकोमा चालु तर्फ रु. ४२,४५,९३,१४७.७९ र पूँजिगत तर्फ रु.१३,२८,६४,८०५.९७ समेत रु. ५५,७४,५७,९५३.७६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,०३,८०,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ४६.१० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८८.७१ प्रतिशत चालु र ८०.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १२ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १३२८ ६४ ८०५.९७ | २७ ४२ ८५३.०० | २०२८१४७५.३५ | २६६३९३६३.६२ | ८३२०१११४.०० | ६ ७७ ५४ ९२३.०० |
| प्रतिशत | १०० | २.०६ | १५.२६ | २०.०५ | ६२.६२ | ५०.९९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुंजीगत खर्चतर्फ वार्षिक रु.१३,२८,६४,८०५.९७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २७,४२,८५३.०० ( २.०६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु २,०२,८१,४७५.३५ (१५.२६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु २,६६,३९,३६३.६२ (२०.०५ प्रतिशत) चौथो मासिकमा रु. ८,३२,०१,११४.०० (६२.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६,७७,५४,९२३.०० ( ५०.९९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल २७८ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५० | ३ | ४ | ४३ |
| २ | वडा स्तरीय | १९३ | ० | ४ | १८९ |
| | जम्मा | २४३ | ३ | ८ | २३२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २४३ योजनामात्र कार्यान्वियन भई ३५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यसपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **.कानून निर्माण र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ७१ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ६ वटा नियमावली, २२ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

१६ **गत विगतको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू. २७,४३,९२२.८८ भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१७ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ५,०४,०००।- आर्थिक सहायता वितरण गरेको छ ।

वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१८ **भ्रमण अभिलेख तथा प्रतिवेदनः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभन्न कर्मचारीले विभन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । पालिकाले यस वर्ष भ्रमणमा रु.२९,९१,६३५।- र अनुगमन, मूल्यांकन शीर्षकमा रु. ३६,०००।- गरी जम्मा रु. ३०,२७,६३५।- खर्च गरेको देखिएकोमा कतिपय अनुगमन, मुल्याङ्कन तथा भ्रमण प्रतिवेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन, मुल्याङ्कन तथा भ्रमण कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नेपर्दछ ।

१९ **इन्धन खर्चको मापदण्डः**

प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७९ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन कार्यालय रु. १२,१९,३३१.०० तथा पदाधिकारी प्रयोजन मा रु. ३०,००,०००।- गरि जम्मा रु. ४२,१९,३३१।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

२० **मसलन्द तथा कार्यालय सामग्री खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.३५ लाख ७ हजार (वडातर्फको रु. ११ लाख ६७ हजार समेत) को खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२१ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८ वटा यस वर्ष |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ५९४ |
| मृत्युदर्ता | २५१ |
| बसाईसराई आएको | १८१ |
| बसाईसराई गएको | ६३७ |
| विवाह दर्ता | २६४ |
| सम्बन्धविच्छेद दर्ता | ४५ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | नगरपालिको नभएको |
| कालोपत्रे सडक मर्मत | नगरपालिको नभएको |
| ग्राभेल सडक निर्माण | यस बर्ष ५.३ कि. मि. |
| आर. सि. सि.सडक निर्माण | यस बर्ष ८६९ मि. |
| ग्राभेल सडक मर्मत | ६.७९ कि. मि. |

२२ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रु. २५,२१,५६८.८७ खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।

२३ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाय अनुसार दुई पांग्रे र चार पांग्रे सवारी साधन खरिदमा रु. २९६६८९.४१ बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम | खरिदको श्रोत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | १ | २९६६८९.४१ | प्रधानमन्त्री रोजगार कार्यक्रम |

२४ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँड शीर्षकबाट कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरेरमात्र कर्मचारी कल्याण कोषबाट खर्च गर्नु पर्दछ ।

२५ **वडा सचिवको पदपूर्तिः**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | १० | २ |

२६ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नगरपालिकाको स्वीकृत १३३ दरबन्दी मध्ये १०४ पदपूर्ति भई २९ पद रिक्त रहेको, पदपूर्ति मध्ये ६५ स्थायी तथा ३९ करारमा रहेको पाइयो । पालिकाको सेवालाई प्रभावकारी रुपमा सम्पादन गर्न रिक्त पद पदपुर्ति हुनु पर्दछ ।

२७ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्ने पर्ने उल्लेख छ । त्यसै गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २६ कर्मचारीको रु. १,६३,९९,८८६.६० शिक्षातर्फ १ कर्मचारीको रु. ५,६४,३६२।- र पालिकाका चालुतर्फ ३८ कर्मचारीको रु. २,१६,४७,१७२.५६ गरी रु.३,८६,११,४२१.१६ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **जिन्सी सामानको बितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरी एउटै कर्मचारीलाई एकै प्रकृतिको एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो । कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले आ व २०८०।८१ को जिन्सी निरीक्षण गराइ प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन अनुसार पालिकाका पुराना ६ थान मोटरसाइकल, ११थान काठको कुर्सी, १३ थान टिनका दराज, १ थान ट्याक्टर, १५ थान ल्यापटप लगायत कुल १७५ थान जिन्सी सामग्री लिलाम गर्नुपर्ने तथा ६ थान मोटरसाइकल, २० थान टिनका दराज, २१ थान टेवल, ५० थान घुम्ने कुर्सी, १ थान पिक अप भ्यान, १ थान

ट्याक्टर, २१ थान ल्यापटप लगायत कुल १९४ जिन्सी सामग्रीको मर्मत गरी प्रयोगमा ल्याउनुपर्ने उल्लेख छ । जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत, लिलाम गर्नुपर्ने भनिएको सामानहरुको नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३० **जिन्सी ब्यबस्थापन:-**

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै वस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ।पालिकाले विभिन्न वडा कार्यालय ताथ स्वास्थ्य चौकीहरुलागि खरिद गरेका निम्नानुसारका खप्ने प्रकृतिका मालसमानहरु कार्यालयको केन्द्रिय जिन्सीमा आम्दानी जनाई विभिन्न वडा कार्यालय र स्वास्थ्य चौकीहरुका लागि हस्त्रान्तरण गरी खर्च जनाएको पाईयो ।साथै केहि मालसामानहरु मातहत कार्यालयमा सोझै दाखिला समेत गरेको पाईयो । पालिका मातहतका वडा कार्यालयहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी कार्यालय मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । कार्यालयले वडा कार्यालयहरुको नाममा खर्च जनाईएका तथा मातहत कार्यालयमा सोझै दाखिला भएका मालसमानहरु कार्यालयको मुल जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।रु.

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | मालसामान सप्लाईकर्ता फर्मको नाम | बिजक नं./ मिति | मालसामानहरुको बिवरण | संख्या | कुल भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३६४। ०८१।३। २३ | कम्पुटर प्लानेट, बिराटनगर | १४७६। ०८१।३।२१ | एसेम्वल डेक्सटप कम्पुटर | १ | ७५००० | १२ नं. वडा कार्यालयमा दाखिला |
| | | | | | प्रिन्टर लेनोभो | १ | ३०००० | |
| २. | नगरपालिका पूँजिगत | २३६। ०८१।१। १८ | चिनो फर्निचर उद्योग, भोजपुर | १०४।०८०। ११।१३ | अफिस टेवल | २ | २३७३० | स्वास्थ्य चौकी बोखिममा दाखिला |
| | | | | | ३ सिटर सोफा | १ | १३६१७ | |
| | | | | | काठको ओपन र्‍याक | १ | ११३०० | |
| ३. | नगरपालिका पूँजिगत | २३५। ०८१।१। १८ | मकालु ट्रेडर्स एण्ड सप्लायर्स, भोजपुर | २२।०८०। ११।१८ | डिजिकम कम्बो कि बोर्ड वायरलेस माउस सेट | १ | ११३०० | ९ नं. वडा कार्यालयमा दाखिला |
| ४. | संघ शसर्त पूँजिगत | १४।०८०। ९।२६ | सु.बि.सु. ईन्टरप्राईजेज, बिराटनगर | ७५०।०८०। ९।६ ७५१।०८०। ७।३० | ह्वील क्रेन | १ | १२४३० | स्वास्थ्य चौकीमा दाखिला भएको |
| | | | | | Pagun Suction | १ | २२६० | |
| | | | | | IV Pool | २ | ५८७६ | |
| | | | | | डेलिभरी बेड | १ | ३९५५० | |
| | | | | | पेरी लाईट | १ | ८४७५ | |
| | | | | | डेलिभरी सेट | २ | ६७८० | |
| | | | | | ड्रेसिङ्ग सेट | २ | ६७८० | |
| | | | | | सुचर सेट | २ | ७९१० | |
| | | | | | अक्सिजन कन्सन्ट्रेटर | १ | ८४७५० | |
| | | | | | मेडिसिन ट्रली | १ | १६९५० | |
| | | | | | नेबुलाईजर | ५ | १५२५५ | |
| ५. | पालिका चालु | ५९।७।१५ | चिनो फर्निचर | ३३।६।१९ | घुम्ने कुर्सी | ४ | ४०००० | २ नं. वडा कार्यालयमा दाखिला |
| | | | | ३४।६।२१ | घुम्ने कुर्सी | २ | २०००० | |
| ६. | पालिका चालु | ४३१।१२। ६ | चिनो फर्निचर | १११।११। २१ | घुम्ने कुर्सी | २ | २८००० | ११ नं. वडा कार्यालयमा दाखिला |
| | | | | | **जम्मा** | | **४५९९६३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४९,९६३ |

३१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न मितिमा | वडा कार्यालय स्वास्थ्य चौकी र नगरपालिका समेतको २८ कित्ता क्षेत्रफलः ६४ रोपनी ७ आना ० पैसा १ दाम रहेको | नखुल्ने |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | २३ मोटर साइकल, व्याक लोडर १ थान बारुण यन्त्र १ थान, टिपर १ थान, ट्याक्टर १ थान, पिक अप ल्याण्ड रोभर १ थान, महेन्द्र वोलेरो १ थान एम्बुलेन्स १ सववहान १ समेतका ३९ रहेको | सवैको नखुल्ने |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | सोलर प्यानल १५ थान, एल इ डि डिस्प्ले २ थान, स्वास्थ्य उपकरण अल्ट्रासाउण्ड १ थान, इन्भटर १सेट, अक्सीजन कन्सन्ट्रेटर ४ थान, स्माट बोर्ड १ थान, हल स्पिकर ४ थान, समेतका विभिन्न उपकरणहरु रहेका छन । | सवैको नखुल्ने |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | मोटर साइकल ६ थान, व्याक लोडर १ थान, ट्याक्टर १ थान, समेत | सवैको नखुल्ने |

३२ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि. | २७९०००० | ३८६४६४ | १६०००० | ४६५०० | ३३३६४६४ | -३२८९९६४ |
| २ | एम्बुलेन्स | ८३७००० | ३८६४६४ | १०४०३९ | ९९२३०० | १३२७५०३ | -३३५२०३ |
| ३ | सब बहान | २५११०० | ३८६४६४ | १५४०२८ | २६०६५० | ७९१५९२ | -५३०९४२ |

३३ **अभिलेख व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष अभिलेख व्यवस्थापन शीर्षकमा रु. १,५०,०००।- खर्च लेखेको छ । यस्तो शीर्षकबाट खर्च लेख्दा खर्च गर्ने अख्तियारी लिएको तथा कार्यक्रम कार्ययोजना बनाइ स्वीकृत गरेको समेत देखिएन । साथै उक्त रकम मध्ये सुशिला होटललाई खाना खाजा बापत विभिन्न विल मार्फत रु ७३६७८ भुक्तानी भएको देखिन्छ । त्यस होटलमा के प्रयोजनका लागि के कति मानिसलाई उक्त खर्च गरिएको हो सोको विवरण तथा लगत समेत उपलब्ध हुन सकेन । यसै कार्यमा डोर हाजिरी मार्फत १० जना कामदारलाई प्रति दिन रु ७३८ का दरले जम्मा ७ दिन कार्य गराई रु ५२०७० खर्च लेखेको छ । तर त्यस्तो डोर हाजिरी फाराममा मिति उल्लेख नभएको हुँदा खर्च गरिएको त्यस्तो रकम अभिलेख व्यवस्थापनकै लागि र सोही अवधिको हो भनि विस्वस्त हुन सकिएन । अतः सो कार्यमा भएको खर्चको औचित्य खुल्ने कागजात तथा प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,७४८ |

३४ **कानुनी सल्लाहकारः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी कार्य सम्पादन अभिलेख तयार गरी मासिक रु. ४०,०००।- का दरले रु ४,८०,०००।- मा १५ प्रतिशत कर कट्टा रु. ७२,२००।- गरी रु. ४,०८,०००।- पारिश्रमिक भुक्तानी दिएको छ ।

३५ **कार्य सम्पादन मूल्याङ्कन खर्चः** (४७/२०८०-६-२५):

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प.सं.२०८०।८१, च.नं.३१९४ मिति २०८१।३।३० को पत्रानुसार स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३ मा भएको व्यवस्थाबमोजिम यस नगरपालिकाले पालिका अन्तर्गत रहेका कर्मचारीहरुको आ.व. २०७८।८९ को कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गराउनु पर्ने व्यवस्था बमोजिम यस नगरपालिकाबाट रु. ५१,८५०।- खर्च लेखेको छ । खर्च रकम कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिको बैठक बसे बापत बैठक भत्तामा भएको देखिन्छ । स्थानीय कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन कार्यको लागि बैठक भत्ता बापतको रकम यस नगरपालिकाबाट भुक्तानी गर्न मिल्ने नमिल्ने सम्बन्धमा कार्यविधि भए नभएको यकिन हुन नसकिएकोले आगामी दिनमा नगरपालिकाले गर्ने यस्ता कार्यमा प्रक्रिया पुर्‍याएर मात्र गर्नुपर्दछ ।

३६ **पेश्की बाँकीः** (४५/२०८०-४-१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । जिवाईइसियल-विडिटिएनएस जे.भीलाई ढल निर्माण कार्यको लागि दिएको मोविलाइजेशन पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. ९५,९०,८२६.०० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

३७ **शिक्षक दरबन्दी र पदपूर्तिः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ४० वटा बाल विकास केन्द्र, २८ वटा प्राथमिक विद्यालय, ७ वटा निम्न माध्यमिक विद्यालय र १० वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ४५ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | २०८० | |
| प्राथमिक शिक्षक | १८५ | १४८ | २२ | १५ | ० | १८५ | १८८६ | १०:०१ |
| निम्न माध्यमि शिक्षक | ४४ | ३२ | ८ | ४ | ३ | ४७ | १२०३ | २६:०१ |
| माध्यमिक शिक्षक | ३७ | २३ | ८ | ६ | १५ | ५२ | ७६८ | १५:०१ |
| उच्च माध्यमिक शिक्षक | ० | ० | ० | ० | ७ | ७ | ६५० | ९३:०१ |
| प्राविधिक धार | ० | ० | ० | ६ | ० | ६ | | |
| जम्मा | २६६ | २०३ | ३८ | ३१ | २५ | २९७ | ४९४३ | १७:०१ |

पालिकाको कुल दरबन्दीमा ७६.३२ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम प्रा.वि.तहमा एक शिक्षकले १० जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले ९३ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले १७ जना

विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावली, २०५९ अनुसार पहाडी जिल्लाम शिक्षक विद्यार्थी अनुपात १:४५ हुनुपर्ने भन्दा कम नै रहेको देखिन्छ ।

३८ **शिक्षकको तलब भत्ताः**

पालिकाले यस वर्ष पालिका अन्तर्गत रहेका ४५ विद्यालयमध्ये दरबन्दी रहेका ४५ विद्यालयमा कार्यरत ५९ जना माध्यमिक, प्राविधक धार ६ जना, ४७ जना निम्न माध्यमिक र १८५ जना प्राथमिक तहका स्थायी शिक्षकसमेत जम्मा २९७ जना शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको छ । पालिकाले यस वर्ष माध्यमिक तहको शिक्षकको तलब भत्तामा रु.३,०५,७९,९१०।- र आधारभूत तहका शिक्षकको तलब भत्तामा रु.१२,९७,६१,८४७।- खर्च लेखेको छ । त्यसै गरी ४० जना बाल विकास सहजकर्ता, ४४ जना विद्यालय सहायक र ८ जना विद्यालय कर्मचारीको तलब भत्तामा संघीय शसर्त शीर्षकबाट रु.१,२१,००,०००.०० र पालिका चालुबाट रु.८६,३२,०००।- खर्च गरेको छ भने शिक्षण सहयोग अनुदान (विज्ञान, गणित, अंग्रेजी शिक्षक व्यवस्थापनतर्फ कक्षा ६-८ को २ जना शिक्षकलाई तलब भत्तामा रु.७,५४,३३५।- र कक्षा ९-१० का ९ जना शिक्षकको तलब भत्तामा रु.४७,५३,५०१।- खर्च गरेको देखिन्छ । समग्रमा शिक्षकको तलब भत्तामा मात्र रु.१८,६५,८१,५९३।- खर्च गरेको छ ।

३९ **शिक्षक, विद्यार्थी र विद्यालयः**

पालिकामा सञ्चालन रहेका ४५ वटा विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ४०८० जना रहेको देखिन्छ । पालिकामा ५० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय २३ वटा रहेको देखिन्छ । विद्यार्थी संख्या कम भएका विद्यालयहरु सुविधाको दृष्टिकोणले सम्भव भएसम्म मर्ज गरी शिक्षकको दरबन्दी समेत मिलान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन् ।

| क्र. सं. | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ |
| १ | ५० जना भन्दा कम विद्यार्थी भएको | २२ | २३ |
| २ | ५० देखि १०० जना | ११ | ११ |
| ३ | १०० देखि १५० जना | ४ | ५ |
| ४ | १५० देखि २०० जना | २ | ० |
| ५ | २०० देखि २५० जना | २ | २ |
| ६ | २५० देखि ३०० जना | २ | १ |
| ७ | ३०१ देखि ४०० जना | ० | १ |
| ८ | ४०१ देखि ५०० जना | १ | १ |
| ९ | ५०० देखि माथी | १ | १ |
| | जम्मा | ४५ | ४५ |

४० **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन

गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **विद्यालयको नियमनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस पालिका अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फस्र्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खातामार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

४२ **स्वयम् सेवक शिक्षकः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता सर्शत शिक्षातर्फ बजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाको समग्र शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा १ शिक्षकले १७ जना विद्यार्थी अध्यापन गराउने गरेको देखिन्छ तथापि पालिकाले यस वर्ष पालिकाको स्रोतबाट निम्नानुसारका विद्यालयहरुमा स्वीकृत दरबन्दी वेगर ६ जना स्वयम् सेवक शिक्षक नियुक्ती गरी स्वयंसेवक शिक्षकको तलब भत्तामा वार्षिक रु. २४,२७,६३५।- भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा पालिकासँग छलफल गर्दा प्रस्तावित मा.वि. सञ्चालन गर्नको लागि तत्काल शिक्षकको दरबन्दी नभएको र पठन पाठनमा सहजता ल्याउनको लागि गरिएको जनाएको छ ।

| क्र. सं . | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | देवीथान मा. वि. आम्तेक | ३४३७३५ |
| २ | जाल्पा मा. वि. भैसीपंखा | ४५५९७५ |
| ३ | सिंहदेवी मा. वि. भ्रामाङ | ४५५९७५ |
| ४ | लक्ष्मी मा. वि. आम्तेक | ४५५९७५ |
| ५ | जनकल्याण मा. वि. आम्तेक | ४५५९७५ |
| ६ | भोजपुर बहिरा आ. बि. | २६०००० |
| | जम्मा | २४,२७,६३५ |

४३ **पालिकाको शैक्षिक अवस्थाः**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका विद्यालयहरुमा कक्षा ८ मा ५२९ जना, कक्षा १० मा ५२९ र कक्षा १२ मा ३७३ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा ५२९ जना, कक्षा १० मा ४०१ र कक्षा १२ मा ३७३ विद्यार्थीमात्र सहभागी भएको देखिन्छ । पालिकाबाट संचालित कक्षा ८, एस.ई.ई.र कक्षा १२ परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाको यस वर्ष एस.ई.ई.परीक्षामा १८९ जना उतीर्ण भएको र कक्षा १२ मा ३ वटा विद्यालयबाट ३२० जना परीक्षामा सहभागी भएको मध्ये १३३ जना उतीर्ण भएको पालिकाबाट प्राप्त तथ्यांकबाट देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

| क्र. सं. | GPA | GRADE | कक्षा ८ | एस.ई.ई. |
|---|---|---|---|---|
| १ | ०.८-१.२ | D | 0 | ० |
| २ | १.२-१.६ | D+ | 0 | |
| ३ | १.६-२.० | C | ८ | २० |
| ४ | २.०-२.४ | C+ | ४१ | ६९ |
| ५ | २.४-२.८ | B | १०७ | १५ |
| ६ | २.८-३.२ | B+ | १०२ | ११ |
| ७ | ३.२-३.६ | A | ७३ | ५८ |
| ८ | ३.६-४.० | A+ | ७८ | १६ |
| जम्मा | | | ४०१ | १६९ |

४४ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको कक्षा १ देखि १२ सम्मका ४२३९ जना विद्यार्थीको लागि रू.२५,५५,५५४.०० अनुदान दिएको छ तर विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । IEMIS र विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नहुँदा विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनु पर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनु पर्दछ ।

४५ **कक्षा ११ र १२ को लागि पाठ्यपुस्तकको लागि निकासाः** (१९९,४०९-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्ने अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निःशुल्क पाठ्यपुस्तकमा जम्मा रु.२५,५५,५५४।- अनुदान उपलब्ध गराएको मध्ये कक्षा ११ र १२ अध्यापन गराउने देहायका ३ विद्यालयहरुलाई कक्षा ११ र १२ का विद्यार्थीहरुको लागि पाठ्यपुस्तकमा रु. ३,६१,७४८।-निकासा दिएकोमा विद्यार्थीहरुले आंशिक रुपमा पाठ्यपुस्तक बुझेको भरपाइ पेश गरेको देखियो । निकासा भएको रकमको पाठ्यपुस्तकको मुल्य अनुसारको खरिद र भरपाई भए नभएको सम्बन्धामा नगरपालिकाबाट अनुगमन गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।

| क्र. सं . | विद्यालयको नाम | विद्यार्थी संख्या | | विद्यालयबाट पेश भएको पाठ्य पुस्तको बिल रकम |
|---|---|---|---|---|
| | | कक्षा ११ | कक्षा १२ | |
| १ | विद्योदय मा. वि . | २५८ | २२८ | १५१६२४ |
| २ | सिद्धेश्वर मा. वि दावा | ३५ | ५० | १२४३७० |
| ३ | यशोधरा मा. वि . | ८५ | ८५ | ८५७५४ |
| | जम्मा | ३७८ | ३६३ | ३६१७४८ |

४६ **बुक कर्नरः** (७५-२०८०-८-२५):

कार्यान्वियन पुस्तिकाको कार्यक्रम नं.२.७.१३.५० मा ECD मा कार्यरत विद्यार्थीलाई प्रति विद्यार्थी रु.५००, कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रतिविद्यार्थी रु.१५०, कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई रु.२००, कक्षा ९ र १० का विद्यार्थीलाई रु.२०० र कक्षा ११ र १२ का विद्यार्थीलाई प्रतिविद्यार्थी रु.२५० का दरले शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री तथा बुक कर्नरका लागि विद्यालयलाई दिने व्यवस्था छ । पालिकाले IEMIS मा देखिएको तथ्याङ्कलाई आधार मानी यस शीर्षकमा यस वर्ष ECD का ४४६ जना, कक्षा १ मा भर्ना भएका ३९१ जना, कक्षा १ देखि ५ सम्मका १८७७ जना, कक्षा ६ देखि १० सम्मका १९६८ जना र कक्षा ११ देखि १२ का ६५० जना सहित जम्मा ४९४१ जना विद्यार्थीको लागि रु. १०,९९,७५०.०० सम्बन्धित विद्यालयलाई उपलब्ध गराएको छ । पालिकाले IEMIS र विद्यालयमा रहेको वास्तविक विद्यार्थीसँग सत्यापन गरेको देखिएन । यसरी सत्यापन नगराई उपलब्ध गराइने खर्च रकम यथार्थ हुन नसक्ने जोखिम रहने हुँदा पालिकाबाट IEMIS र विद्यालयको वास्तविक विद्यार्थीसँग सत्यापन गराई खर्चको हुनुपर्दछ ।

४७ **विद्यार्थी निर्वाह खर्चः** (८२,२३४,४०९-२०८१-३-२२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **दिवा खाजाः**

पालिकाले यस वर्ष दिवा खाजामा प्रथम त्रैमासिकमा रु. १६,१५,३२०.००, दोस्रो त्रैमासिकमा रु. ११,२७,०४०.०० र तेस्रो त्रैमासिकमा रु. १६,८४,०५५.०० गरी जम्मा रु. ४४,२६,४१६.०० खर्च गरेको देखन्छ । पालिकाको IEMIS अनुसार शैक्षिक सत्र २०८० को ECD देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या २३१६ जना रहेको देखिएकोले औषतमा एक विद्यार्थीले १२७.४ दिन दिवा खाजा खाएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०८१ मा सोही कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या २०३५ जना र चौथो त्रैमासिकमा खर्च रु.१२,७४,७३०.०० देखिएकोले औषतमा ४१.७६ दिन दिवा खाजा खुवाएको देखियो । पालिकाको शैक्षिक पात्रो अनुसार २०८० श्रावणदेखि चैत्रसम्म परीक्षा सञ्चालन भएको दिनसमेत १६८ दिन र २०८१ बैशाखदेखि असारमसान्तसम्म ५९ दिन गरी २२७ दिन विद्यालय सञ्चालन भएको देखिन्छ । पालिकाले दिवा खाजामा रू.५७,०१,१४५.०० खर्च गरेकोले विद्यार्थीहरुलाई औषतमा १६९.१६ दिनको दिवा खाजा खुवाएको देखिन्छ । पालिकाले विद्यालयहरुबाट विद्यार्थीको हाजिरी प्रमाणित गरेको आधारमा दिवा खाजाबापतको रकम निकासा दिएको छ तर निकासा रकमबाट विद्यालयले विद्यालयमा नै दिवा खाजा खुवाएको वा नगद भुक्तानी दिएको भन्ने सम्बन्धमा लेखाजोखा गरेको पाइएन ।

४९ **कक्षा ८ को परीक्षा संञ्चालनः**

३४३-०८१।३।१३ (गापा चालु २४-०८१।३।१३) कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।– का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप

व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गत २१ वटा विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ५३३ (सामुदायिक ४४३ र संस्थागत ९० जना) जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु. १,४६,५७५।- गा.पा चालुबाट रु.४,३९,६८७।- गरी जम्मा रु.५,८६,२६२।- खर्च गरेको देखिन्छ । एक विद्यार्थीको परीक्षा लिने कार्यको लागि औषतमा रू.१.१००।- खर्च गरेको पाइन्छ । खर्च गर्ने प्रक्रियामा मितव्ययिता अपनाउनु पर्दछ ।

५० **प्रतिविद्यार्थी लगानीः**

पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्तामा रु.१८,६५,८१,५९३।- दिवा खाजामा रू.५७,०१,१४५।-, पाठ्यपुस्तकमा रू.२५,५५,५५४।-, छात्राबृत्तिमा रू.६,८१,०००।- लगयतका शीर्षकमा संघीय सशर्तबाट रु.२०,४६,२६,४४४।- र गाउँपालिका चालुबाट रु.८९,३२,०००।- गरी जम्मा रु.२१,३५,५८,४४४।- खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्मका ५३७३ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रू.३९,७४७।- लगानी भएको देखिन्छ । पालिकाले लगानीबमोजिम उपलब्धीमा जोड दिनुपर्दछ ।

५१ **विज्ञान प्रयोगशालाः** (४०८-२०८१-३-२२):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला निर्माणका लागि श्री सिद्धेश्वर माध्यमिक विद्यालय, भोजपुर-४, लाई रु.६,५०,५००।- उपलब्ध गराएकोमा ३४९ प्रकारका सामग्री खरिद गरेको बिल भरपाई, जिन्सी दाखिला भएको प्रमाण पेश गरेको आधारमा भुक्तानी भएको देखिन्छ । अनुदानबाट निर्माण भएको विज्ञान प्रयोगशाला प्रयोगमा आए नआएको अनुगमन गरी प्रयोगशालाको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने देखिन्छ ।

५२ **नमुना विद्यालयः** (१३७, ४०२-२०८१-३-२१):

विद्योदय मा.वि., भोजपुर नगरपालिका- ७ लाई यस वर्ष नमुना विद्यालय भए बापत भौतिक र शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि पालिकाबाट रु.३०,००,०००।– निकासा दिएको देखियो । उक्त अनुदान रकम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले भौतिक तथा शैक्षिक सुधारका लागि प्रस्तावित गुरु योजना तयार गरी सोही अनुसारको कार्य कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विद्यालयले पेश गरेको प्रस्तावित गुरु योजना अनुसार कार्य सम्पादन गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।

५३ **विद्यालय सुधार योजनाः** (७५-२०८०-८-२५):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।- र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।- का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ४५ वटा विद्यालयलाई विद्यालय सुधार योजना निर्माणको लागि रु.७,२५,०००।- अनुदान रकम निकासा दिएको मध्ये देहायका ८ वटा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखिएन । पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी राजस्व दाखिला हुनु पर्दछ साथै पेश गर्ने विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ । रु.

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | निकासा रकम |
|---|---|---|---|
| १ | सरस्वती आ. वि . | ८ | १५००० |
| २ | सिद्धेश्वर मा.वि. | ४ | २०००० |
| ३ | जाल्पादेवी प्रा.वि. | ४ | १५००० |
| ४ | दुर्गेश्वरी प्रा.वि. | ४ | १५००० |
| ५ | सिंहवाहिनी प्रा.वि. | २ | १५००० |
| ६ | जनज्योति प्रा.वि. दावा | ३ | १५००० |
| ७ | आइतबारे प्रा.वि. | १० | १५००० |
| ८ | ज्ञानोदय प्रा. वि . | १० | १५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,००० |

५४ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** (७५-२०८०-८-२५):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ४५ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.५,००,०००।- अनुदान रकम निकासा दिएको छ । उपलब्ध अनुदानबाट ३ वटा विद्यालयहरुले मात्र सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छ । पेश भएको लेखापरीक्षण प्रतिवेदन तोकिएको ढाँचा र समेट्नु पर्ने सबै विषय समावेश गरे नगरेको, शिक्षकहरुको वार्षिक तलब भत्ता गणना गरी पारिश्रमिक कर लाग्ने नलाग्ने यकिन गरे नगरेको र प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

५५ **मूल्याङ्कन भन्दा बढी भुक्तानीः** (४०१-२०८१-३-२१):

पालिका र यशोधरा माध्यमिक विद्यालयबीच पालिकाको रु.४,८५,०००।- र विद्यालयको रु.१,०५,०००।- लागत सहभागितामा विद्यालय भवन निर्माण गर्ने कार्यका लागि मिति २०८०।११।१० मा सम्झौता भएको देखिन्छ । सम्झौताबमोजिम रू.५,९०,०००।- को मूल्याङ्कन तथा कार्य सम्पन्न भएको अवस्थामा पालिकाले रु.४,८५,०००।- भुक्तानी दिनुपर्नेमा विद्यालयले रु.५,६७,३०८।–(पढ्दै कमाउदैको बिल रु.२,२४,३९०।– र भवनको निर्माणको मूल्याङ्कन रु.३,४२,९१७.९२) को मूल्याङ्कक तथा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको आधारमा सम्झौतानुसार विद्यालयले व्यहोर्ने १७.७९ प्रतिशत लागत सहभागिता कटाई रु.४,६६,३८४।– भुक्तानी गर्नुपर्नेमा नगरपालिकाबाट रु.४,९०,५८१।- भुक्तानी गरेको छ । सम्झौतामा उल्लिखित व्यवस्था भन्दा बढी भुक्तानी भएको रकम रु.२४,१९७।- असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ । रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,१९७ |

## ५६ **सेनिटरी प्याडको खरिद, बितरण र मापदण्डः**

५६.१ (३६१-२०८१-३-१७):

**सेनिटरी प्याड खरिदः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सोकार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ।

पालिकाले यस शीर्षकमा रु.१४,०६,०००।- बजेट विनियोजन गरी लर्ड बुद्ध ट्रेड एण्ड सप्लायर्स (६१२७४०९८१) भोजपुर-७ बैंकरोडबाट १४२२० प्याकेट सेनिटरी (Safty Ultra XL३२० mm) प्याड प्रति प्याकेट रू.९८.८७५ (मु.अ.कर समेत) का दरले रू.१४,०६,००२।- को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको सम्बन्धमा पालिकाले परीक्षण नगरी भुक्तानी दिएको देखिन्छ । पालिकाले आर्थिक वर्षको सुरुमा खरिद गरी समयमै वितरणको व्यवस्था मिलाउनु पर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । विद्यालयहरुले कक्षा ६ देखि १२ सम्मका छात्रा संख्या यकिन गरी पालिकासँग माग गर्ने र पालिकाले माग संकलन गरी विद्यालयको मागको आधारमा आवश्यक परिमाण निर्धारण गरी खरिद गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । खरिद गरिएका सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान बमोजिम पालिकाले विद्यालयहरुलाई बुझाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरेको नपाइएको र देहायका १० वटा विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा पठाएको पनि पाइएन । अतः विद्यालयबाट विद्यार्थीहरुलाई वितरण गरेको प्रतिवेदन पालिकामा पेश हुनुपर्दछ । रु...

| **क्र.स.** | **विद्यालयको नाम** | **विद्यार्थी संख्या** | **पालिकाबाट वितरणको लागि विद्यालयलाई दिएको प्याड संख्या** | बुझिलिने नाम/ मिति | **प्रतिप्याड मुल्य** | जम्मा मुल्य |
|---|---|---|---|---|---|---|
| १ | देवीथान मा वि | १६ | २१६ | शिक्षक तुलसीराम ढुंगान-०८१। ४।२८ | ९८.८७५ | २१३५७ |
| २ | जनकल्याण आ वि | २० | २१६ | प्र.अ.कालुराम राई-०८१।३ | ९८.८७५ | २१३५७ |
| ३ | जनसेवा आ वि | ५७ | ७२० | राजकुमार भारती-०८१।३ | ९८.८७५ | ७११९० |
| ४ | लक्ष्मी मा वि | ३२ | ३६० | शिक्षक बाबुराम घिमिरे-०८१।३ | ९८.८७५ | ३५५९५ |
| ५ | पञ्कन्या आ वि वाछाला | २२ | २८८ | प्र.अ.लक्ष्मी प्रधान-०८१।३ | ९८.८७५ | २८४७६ |
| ६ | पञ्चकन्या आ वि मान्द्रे | ९ | १४४ | ०८१।३ | ९८.८७५ | १४२३८ |
| ७ | सरस्वती आ वि | ९ | १४४ | प्र.अ.शरण बहादुर राई-०८१।३ | ९८.८७५ | १४२३८ |
| ८ | सार्वजनीक आ वि | २५ | २८८ | प्र.अ.योग बहादुर कार्की-मिति छैन | ९८.८७५ | २८४७६ |
| ९ | सिद्धेश्वर मा वि दावा | २०२ | २४४८ | चौकीदार लालबहादुर प्रधान-०८१।४।१४ | ९८.८७५ | २४२०४६ |
| १० | सिंहदेवी मा वि | ३४ | ४३२ | शिक्षक तिलकराम राई-०८१।३ | ९८.८७५ | ४२७१४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३२७,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१४,२३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४९,८३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४९,८३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **९२,५४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११३,९०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१४९,४९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ५६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१९,६८७ |

५६.२ **सेनिटरी प्याड वितरणः** खरिद गरिएको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई १३३२० प्याकेट बुझाएको र बुझिलिएको भरपाई तथा हस्तान्तरण फाराम संलग्न भए पनि पालिकाको भण्डारण शाखामा परीक्षण गर्दा अझ ४१ काटन (प्रति काटन ७२ प्याकेट) बाँकी रहेको देखियो । यस सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा विभिन्न ४ विद्यालयले २१ काटन लान बाँकी रहेको भन्ने जवाफ प्राप्त भयो । यसो हुँदा पालिकामा २० काटन सेनिटरी प्याड (१४४० प्याकेट) मौज्दात रहने देखियो । मौज्दातमा देखिएको १४४० प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु.९८.८७५ का दरले जम्मा रु.१,४२,३८०।- सम्बन्धमा पालिकाबाट यकिन गरी उक्त सेनिटरी प्याड विद्यालयहरुको मागको आधारमा विद्यालयलाई बुझाएको र विद्यालयबाट बितरण गरेको प्रमाण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४२,३८० |

५६.३ **सेनिटरी प्याडको मापदण्डः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूचीमा १ मा सेनिटरी प्याडको न्यूनतम मापदण्ड उल्लेख गरेको छ । जस अनुसार खरिद गरिने सेनिटरी प्याडको साइज २४० एमएमदेखि थप घट २० एमएमसम्म हुनुपर्ने उल्लेख छ । पालिकालाई मापदण्ड सम्बन्धी भएको व्यवस्थाको जानकारी हुँदा हुँदै पनि तोकिएको साइजभन्दा बढी साइजको खरिद गरिनु नियमसंगत देखिएन । साथै पालिकाले यस सम्बन्धी अभियान पत्रिकामा मिति २०८० भदौ १५ गते शुक्रबारका दिन जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि. बिराटनगरले अधिकतम खुद्रा बिक्री मुल्य प्रकाशन गरेको पत्रिका संलग्न गरेको भए पनि उक्त पत्रिकामा उल्लेखित प्याडको साइज फरक पारी बढी मुल्यमा खरिद गरेको देखिन्छ । खरिद कार्यमा सुधार हुनुपर्दछ ।

५७ **अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमः**

पालिकाको रु.१६,००,०००।- र प्रदेश सरकारको रु. ८,००,०००।- समेत जम्मा रु. २४,००,०००।- खर्च भएको छ । यस्तो कार्यक्रम पालिका, प्रदेश सरकार र करुणा फाउण्डेसनको त्रिपक्षीयय साझेदारीमा संचालन भई रहेकोमा हाल करुणा फाउण्डेसन लागत साझेदारीबाट बाहिरिएको र प्रदेश सरकारको अनुदान क्रमश घटिरहेको पाइयो। यस बर्ष ४ कर्मचारी तलबमा मात्र रु १४ लाख

भन्दा बढी खर्च भएकोमा कार्यक्रममा भन्दा भन्दा कर्मचारीको तलब भत्तामा बढी खर्च भएको देखिदा कार्यक्रम लक्षित बर्ग केन्द्रित भएको पाईएन। यस सम्बन्धमा नगरपालिकाबाट उपलब्ध जनशक्तिबाट यस किसिमका कार्यक्रम गर्नु उपयुक्त देखिन्छ ।

५८ **नगरपालिका कृषि, खाद्य, सुरक्षा तथा पोषण सहयोग परियोजनाः**

नगरपालिकालाई यस वर्ष संघीय सशर्त अनुदानबाट नगरपालिका कृषि, खाद्य सुरक्षा तथा पोषण सहयोग परियोजना शीर्षकमा विशेष अनुदानबापत रु.१,००,००,०००।- बजेट व्यवस्थापन भएको पाइयो । उक्त बजेटबाट नगरपालिकाको मिति २०८० मंसिर २२ मा बसेको नगर कार्यपालिकाको बैठकले देहायका शीर्षकमा बजेट बाँडफाँड गरी रु. ९३,४५,०३०।- खर्च गरेको पाइयो । नगरपालिकाबाट विनियोजित शीर्षकगत रकम र खर्चको विवरण देहायबमोजिम उल्लिखित छन्

| क्र.सं. | विनियोजन शीर्षक | विनियोजन रकम | खर्च रकम | | |
|---|---|---|---|---|---|
| | | | सामानको पहिचान | परिमाण | खर्च रकम |
| १ | फलफूल तथा तरकारी शीत भण्डार निर्माण व्यवस्थापन | ५५०००००० | 25 KVA जेनेरेटर सहित शीत भण्डार निर्माण | | ५०२०१०७ |
| २ | जेनेरेटर खरिद | १०००००० | 30 KVA 3 PHASE, Green | १ | ९८५००० |
| ३ | मिनिटिलर खरिद | ३०००००० | मिनि टिलर ३ एचपी | ३४ | २९१२२३६ |
| ४ | बिरुवा खरिद | ५००००० | | ० | ० |
| ५ | कन्टिजेन्सी खर्च | | | | ४२७६८७ |
| | जम्मा | १०००००००० | | | ९३४५०३० |

• नगरपालिकाले फलफूल तथा तरकारी शीत भण्डार निर्माण तथा व्यवस्थापनमा २ वटा जेनेरेटर खरिद सहित गरी रु.६०,०५,१०७।– खर्च गरेको देखियो । खरिद गरिएका खर्च रकमबाट निर्माण भएको शीत भण्डार प्रयोगमा ल्याएको देखिएन । जुन प्रयोजनमा खरिद र निर्माण गरिएको हो त्यही प्रयोजनमा यथासक्य प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।

• नगरपालिका कृषि, खाद्य सुरक्षा तथा पोषण सहयोग परियोजना अन्तर्गत नगरपालिकाले यस वर्ष ३४ वटा मिनि टिलर रु. २९,१२,२३६।- खरिद गरी कृषकहरुलाई वितरण गरेको छ । बितरित मिनी टिलरको सदुपयोग र पूर्ण उपयोगमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

• शीत भण्डारका लागि आवश्यक पर्ने जेनेरेटर १ थान ठेक्काको बी.ओ.क्यू.मा समावेश भएको अवस्थामा पुनः एक अतिरिक्त जेनेरेटर खरिद गरेको देखियो । कृषि, खाद्य सुरक्षा तथा पोषण सहयोग कार्यक्रमबाट रु.९८५००० मूल्यको अतिरित्त जेनेरेटर के प्रयोजनका लागि खरिद भएको हो एकिन गर्न सकिएन । स्वीकृत स्पेशिफिकेशन बमोजिमको जेनेरेटर शीत भण्डारको बि.ओ.क्यु. मा समावेश भई पालिकामा प्राप्त भई जडान समेत भएको अवस्थामा अतिरिक्त १ वटा जेनेरेटर आवश्यक पर्ने नदेखिएकोले पालिकाबाट थप जनेरेटर खरिद कार्यको औचित्यता पुष्टी हुनुपर्दछ ।

५९ **पकेट विकास कार्यक्रमको निरन्तरताः** (३३३-२०८१-३-११):

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना म्यानुअल, २०७७ को अनुसूची- ६ बमोजिमको ढाँचामा कृषक समूह/कृषि संस्था,समिति तथा उद्यमीहरुले पकेट स्थापनाको आवेदन गरेकाहरुलाई अनुसूची- ७ बमोजिम पकेट/ब्लक क्षेत्र मागको लागि आधारभुत तथ्यांक फारम भर्न लगाई अनुसूची-८ बमोजिमको मूल्यांकन मापदण्डको आधामा मूल्यांकन समितिबाट छनौटमा परेका कृषक समूहहरुसँग परिच्छेद ४ को ४.१.१०(क) अनुसार स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची- १२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदेश दिनुपर्ने र प्रचलित कानून अनुसार अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सुन्तला जात पकेट निरन्तरता कार्यक्रमबाट सामुदायिक कृषक समूह, भोजपुर नगरपालिका-६ सँग रु.८,२१,६२९।- लागत अनुमान बनाई लागत साझेदारीमा पालिकाबाट रु.४,७९,८१९।- अनुदान उपलब्ध गराउने गरी मिति २०८१।२।१८ मा समझौता भएको छ । सामुदायिक कृषक समूहले सम्झौताबमोजिम हिलट्याङ्क, पाइप, स्पेयर लगायतका सामग्री तथा २००० वटा सुन्तलाको बिरूवा खरिद गरी बिल भरपाई र कार्य सम्पन्न गरेको प्रमाण पेश गरेको आधारमा

पालिकाबाट रु.४,७८,८१९।- भुक्तानी दिएको छ । कृषक समूहले खरिद गरेका सुन्तलाको विरुवाको हालको अवस्थाको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

६० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ८०जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु.२६,८०,०००।- र विश्व बैंकबाट रु.२६,७२,०००।- गरी जम्मा रु. ५३,५२,०००।- प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका १२ वडाहरुमै देहायका २८ योजना सञ्चालन गरी यस वर्ष ९७७ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ८० जनालाई औसत ९३.८ दिनले ७५०४ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रु. ६६८ का दरले रु. ५०,१२,६७२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| क्र स | योजनाको नाम | वडा | श्रमिक संख्या | जम्मा कार्य दिन | लागत अनुमान | कार्य सम्पन्न | भूक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | पञ्चेटार वाली टोल मानेडाँडा भाम्राङ्ग सडक | १ | ५ | **५००** | **३४९९८३** | ३३४००० | ३३४००० |
| २ | सुन्तले घारा स्वास्थ्य चौकी हिले भञ्जाङ्ग दिङला सडक मर्मत | २ | ७ | ७०० | ४६७६७५ | ४६७६०० | ४६७६०० |
| ३ | शुक्रवारे आहाले छोटी बजार हुदै चम्पिरे रवे सडक सोलिङ्ग | ३ | ८ | ७५२ | ५३४३९९ | ५०२६१४ | ५०२३३६ |
| ४ | लोकिला चम्पिरा देउरालीडाँडा थामडाँडा भणेडारी गाउँ कात्तिके धुलावारी वाटो मर्मत | ४ | ८ | ५६८ | ५३४४१२ | ३७९४२४ | ३७९४२४ |
| ५ | पञ्चेदोवाटो कृषि सडक थर्पु डाँडा सडक सर्मिला स्मृती हुदै खत्री गाउँ जोड्ने कृषि सडक | ५ | ८ | ८०० | ५३४४०० | ५३४४०० | ५३४४०० |
| ६ | भेटघाट चोक देखि कालिमाटी सडक स्तरोन्नती | ६ | ५ | ४१५ | ३३४२७३ | २७७२२० | २७७२२० |
| ७ | सडक मर्मत तथा स्तरोन्नती | ७ | ५ | ५०० | ३४४४० | ३३४००० | ३३४००० |
| ८ | तल्लो पोखरे सडक स्तरोन्नती | ८ | ५ | ४७८ | ३३४४७३ | ३१९३०४ | ३१९३०४ |
| ९ | माथिल्लो काफ्ले वाट डेलिखर्क देउराली वाट भैसिपंखा जाने सडक सतरोन्नती | ९ | ५ | ४५५ | ३०६६९८ | ३०३९४० | ३०३९४० |
| १० | डाँडा खर्कदेखि जाल्पा मा वि भैसिपंखा हुदै खुरिला जाने सडक मर्मत | १० | ८ | ७८४ | ५३४५३६ | ५२३७१२ | ५२३७१२ |
| ११ | आम्तेक भोजपुर सडक वडा कार्यालय देखि रुपाङ्गे रामभाङ्गे सडक स्तरोन्नती | ११ | ८ | ७५२ | ५३४३९० | ५०२३३६ | ५०२३३६ |
| १२ | पुरानो डवली देखि विद्योदय मा वि जोड्ने सडक अमृत बहादुरको घर देखि रिङरोड जोड्ने सडक छ चौतारा देखि टक्सार देउराली सम्म जोड्ने सडक मर्मत | १२ | ८ | ८०० | ५३४२४० | ५३४४०० | ५३४४०० |
| | जम्मा | | ८० जना | ७५०४ | ५३४४००० | ५०१२६७२ | ५०१२६७२ |

६१ **स्वास्थ्यतर्फका कर्मचारीको तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्ने पर्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्कअनुसार पालिकामा स्वास्थ्यतर्फका ३५ जना दरबन्दी रहेकोमा २५ जना स्थायी पदपूर्ति भएको र १३ जना करारमा कार्यरत रहेको देखिन्छ । पालिकाले यो वर्ष स्वास्थ्यतर्फका ३२ जना र आयुर्वेदिकतर्फका १ जना कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब भत्तामा रु. १,६३,९९,८८६।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । स्वास्थ्य र आयुर्वेदतर्फका कर्मचारीहरुको दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम रहेका छन् ।

| क्र. सं. | पद | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | हे. अ | ७ | १ | ४ | २ |
| २ | अ. हे. व. | १४ | १० | ३ | १ |
| ३ | अ. न. मी. | १४ | १४ | ० | ० |
| ४ | बैध | १ | ० | ० | १ |
| ५ | कविराज | १ | १ | ० | ० |
| ६ | का .स. | ७ | १ | ६ | ० |
| | जम्मा | ४४ | २७ | १३ | ४ |

नोटः नगरपालिकामा ४ वटा आधारभूत स्वास्थ्यसेवा केन्द्र रहेको छ । माथि उल्लेखित दरबन्दी र पदपूर्तिमा आधारभूत स्वास्थ्यतर्फका कर्मचारीको दरबन्दी र पदपूर्ति समावेश गरेको छैन ।

६२ **खोपको अवस्थाः**

पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, भोजपुरबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ९ प्रकारका खोपको लागि १७१३५ डोज प्राप्त भएकोमा ६३२१ डोज प्रयोग भएको, १२४० डोज फिर्ता गरेको र ९५७४ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजमध्ये ५५.८७ प्रतिशत खेर गएको देखिएकोले खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | ३७४० | ३४७ | ४८० | २९१३ |
| RDTA | 0 | 0 | 0 | 0 |
| O.P.V | १८६० | १०६८ | ० | ७९२ |
| F.I.P.V | १७५० | ७४९ | १२५ | ८७६ |
| pcv | १५६० | १०९० | १६० | ३१० |
| DPT, Hep-B, Hib | १८६० | १०६८ | १० | ७८२ |
| M.R | २८८० | ७५० | २१० | १९२० |
| J.E | ११५५ | ३५७ | १९० | ६०८ |
| TCV | ७४० | ३६१ | ६५ | ३१४ |
| TD | १५९० | ५३१ | ० | १०५९ |
| कोभीडको फाइजर खोप | | | | |
| जम्मा | १७१३५ | ६३२१ | १२४० | ९५७४ |

## ६३ न्यानो झोला कार्यक्रमः

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी रहेको ३५2 वटा न्यानो झोला जिम्मेवारी सारेको जनाएको छ । विगत वर्षमा खरिद गरिएका न्यानो झोलाको मौज्दात बढी भएको कारण पालिकाले यस वर्ष न्यानो झोला खरिद गरेको पाइएन । पालिका अन्तर्गत रहेका 4 वटा बर्थिङ्ग सेन्टरमा यस आर्थिक वर्षमा प्रसूती भएका ६६ जना सुत्केरी आमाहरुलाई ६६ वटा बितरण गरी पालिका र अन्तर्गतका बर्थिङ्ग सेन्टरहरुमा २८६ वटा न्यानो झोला बाँकी रहेको पालिकाबाट प्राप्त तथ्याँकबाट देखिन्छ । न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वर्थिङ्गसेन्टरगत सुत्केरी गराएको र न्यानो झोला बितरण गरी बाँकी रहेको विवरण देहायबमोजिम रहेका छन ।

| क्र.सं. | बर्थिङ्गसेन्टरको नाम/वडा नं. | सुत्केरी संख्या | न्यानो झोला बितरण | न्यानो झोला बाँकी मौज्दात |
|---|---|---|---|---|
| १ | हेलोछा स्वास्थ्य चौकी- भोजपुर न. पा . -२ | ३० | ३० | ५० |
| २ | गुप्तेश्वर स्वास्थ्य चौकी- भोजपुर न. पा . -३ | १८ | १८ | १० |
| ३ | सिद्वेश्वर स्वास्थ्य चौकी- भोजपुर न. पा . -४ | १० | १० | ८४ |
| ४ | भैसिपंखा स्वास्थ्य चौकी- भोजपुर न. पा . -१० | ८ | ८ | ८२ |
| ५ | पालिकाको भण्डार शाखामा | | | ६० |
| | जम्मा | ६६ | ६६ | २८६ |

## ६४ औषधि उपचार खर्चः

मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी २४ जना, डायलाइसिस रोगी ३ जना, मृगौला प्रत्यारोपण गरेका २ जना र मेरुदण्ड

पक्षघात १ जना रोगी समेत ३० जनालाई यस वर्ष जम्मा रु.२८,७५,०००।- भुक्तानी दिएको देखिन्छ । बढी खर्च भएको सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा गत विगत वर्षको फागुनदेखि असारसम्म २४ जनाको भुक्तानी बाँकी रहेको रकम रु.६,००,०००।-, यस वर्षको मिति २०८० श्रावणदेखि २०८१ बैशाखसम्मको ३० जनाको खर्च रु.१४,२०,०००।- र विगत वर्षको पालिकाबाट खर्च भएको भनी सोधभर्नाबापत रु.८,५५,०००।- पालिकाको खातामा जम्मा गरेको जनाएको छ । पालिकाले भुक्तानी दिन बाँकीको विवरण संलग्न गरेको नदेखिएकोले गत वर्षमा भएको खर्च र सोधभर्नाको सम्बन्धमा स्पष्ट हुन सकिएन । यस सम्बन्धमा पालिकाबाट यकिन गरी खर्चको सुनिश्चतता हुनुपर्दछ ।

६५ **औषधि खरिद लागत अनुमान खर्च र मौज्दातः**

पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त चालु ८०१०७५०७५०१ बजेट उप शीर्षकबाट रू. ९,३६,०१५।- विद्युतीय बोलपत्रको माध्यमबाट र नगरपालिका चालुबाट रू.१२,३७,८२८।- (मु.अ.क. सहित) को सोधै गरी जम्मा रू.२१,७३,८४३।- को औषधि खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छन्

**(क) लागत अनुमान तयारीः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तीका, २०७४ अनुसार १ लाख भन्दा बढीको खरिदमा लागत अनुमान बनाइ स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्थाबमोजिम औषधि खरिदका लागि लागत अनुमान तयार गर्न ३ वटा फर्मबाट एकाइ दर माग गरी प्राप्त एकाइ दरको औषत मुल्यलाई आधार मानी ११६ प्रकारका औषधिको रु.२१,००,०३६.१४ (मुल्य अभिबृद्धि कर बाहेक) लागत अनुमान बनाई मिति २०८०।४।३० मा स्वीकृत गरेको छ ।

स्वीकृत लागत अनुमानबाट विद्युतीय दरभाउपत्रको माध्यमबाट सबैभन्दा कम ५५.३१ प्रतिशत कबोल गर्ने डालिमा मेडिसेल्स (६०४९३३५१३) बाट रु.९,३८,४६५।- (रु.१०,६०,४६५.४५ मुल्य अभिबृद्धि कर सहित) मा खरिद गर्न मिति २०८० मंसिर मसान्तसम्ममा सम्झौतामा उल्लेखित औषधि तथा औषधिजन्य सामग्री आपूर्ति गरिसक्ने शर्तमा पालिका र औषधि आपूर्तिकर्तासँग मिति २०८० कार्तिक १६ गते सम्झौता भएको छ । सम्झौताबमोजिम ४ प्रकारका औषधि (Implant, Nefidipine, HRZE,HR) आपूर्ति गर्न बजारमा उपलब्ध नभएको भनी आपूर्ति भएको पाइएन । औषधि आपूर्ति कर्ताले पेश गरेको बिलको आधारमा रु.९,३६,०१५।- भुक्तानी गरेको छ ।

**(ख) औषधिको खर्च र मौज्दातः** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । तर पालिकाले वर्षभरि आवश्यक पर्ने औषधिको परिमाण यकिन नगरी आवश्यकताको पहिचान बेगर खरिद गरेको छ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाई दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले औषधि आपूर्ति गर्ने डालिमा मेडिसेल्ससँग सम्झौतामा उल्लेखित स्पेशिफिकेशन र WHO-GMP Certified Company अनुसारका औषधि आपूर्ति भए नभएको सम्बन्धमा प्राविधिकबाट परीक्षण समेत नगरी भुक्तानी दिएको पाइएकोले आपूर्ति भएको औषधि तोकिएको गुणस्तरमा आपूर्ति भएको भनी विश्वस्त हुन सकिएन । खरिद गरिका औषधि eLMIS मा आम्दानी जनाई खर्च लेख्ने पर्नेमा पालिकाले जिन्सी किताबमा म्यानुअल आम्दानी जनाउने गरेको पाइयो । यसबाट औषधिको खर्च र मौज्दातको अवस्था यकिन गर्न सकिएन । आगामी दिनमा सुधार गरी पालिकाले खरिद गरेका औषधि eLMIS मा आम्दानी जनाई खर्च गर्नु पर्दछ ।

६६ **सार्वजनिक निर्माण व्यवस्थापन:-**

**सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-**

**निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन ।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

**गुणस्तर परिक्षण-** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केही ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

.**डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

**AS BUILT DRAWING**: - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाईएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६७ **सोझै खरिदः-**

सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको रु. १,१९,८३,४२९।३० खरिद प्रकृया नियम सम्मत नदेखिँदा आगामी दिनमा खरिद प्रक्रियामा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

| क.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | विवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३५९। ०८९।३। २२ | लाक्पा सप्लायर्स, भोजपुर | ब्राण्डेड डेक्सटप कप्पुटर खरिद | ८९।०८१।३।१४ | १५००००।०० |
| २. | नगरपालिका पूँजिगत | ३५९। ०८१।३। २२ | लाक्पा सप्लायर्स, भोजपुर | डेक्सटप कम्पुटर | ८९।०८१।३।१४ | ३०००००।०० |
| | | | | | ४८।२०२४।७।१ | |
| ३. | नगरपालिका पूँजिगत | २४६। ०८१।१। १९ | लाक्पा सप्लायर्स, भोजपुर | एयर कन्डिसन खरिद | ४१।०८०।९।२७ | ४९६०७०।०० |
| | | | | म्याट्रेस बेड खरिद | ४२।०८०।१०।४ | ४३५०५।०० |
| | | | | म्याट्रेस बेड खरिद | ४५।०८०।१०। १५ | २८३०६५।०० |
| ४. | मर्मत संभार कोष | २१।०८१। ३।२४ | लाक्पा सप्लायर्स, भोजपुर | ईलेक्ट्रिकल मालसामान खरिद | ९२।०८१।३।१८ | ३०१३७१।०० |
| ५. | नगरपालिका पूँजिगत | २४५। ०८१।१। १९ | लाक्पा सप्लायर्स, भोजपुर | ईलेक्ट्रिक सामान खरिद | ३७।०८०।९।८<br>३९।०८०।९।२५ | १९४३६०।०० |
| ६. | प्रदेश पूँजिगत | १८।०८१। २।३२ | लाक्पा सप्लायर्स, भोजपुर | ल्यापटप र प्रिन्टर मर्मत | ३४।०८०।९।२<br>१७।०८०।९।५ | १९४९२५।०० |
| ७. | प्रदेश पूँजिगत | १५।०८१। १।२८ | लाक्पा सप्लायर्स, भोजपुर | साना सिचाईका टुल्स एण्ड सप्लायर्स, भोजपुर | ५१।०८०।१२। १५ | ३१४५३५।५० |
| ८. | प्रदेश पूँजिगत | १५।०८१। १।२८ | पध्मसम्भव ट्रेड एण्ड सप्लायर्स, भोजपुर | साना सिचाईका टुल्स एण्ड सप्लायर्स, भोजपुर | ०२।०८०।१२। १५ | ५८५९०५।०० |
| ९. | संघ शसर्त पूँजिगत | २४।०८०। ११।२३ | सु.बि.सु. ईन्टरप्राईजेज, बिराटनगर | अस्पतालमा प्रयोग हुने स्वास्थ्य उपकरण | ८०७।०८०।९। १६ | ४३७३१०।०० |
| १० | संघ शसर्त पूँजिगत | १४।०८०। ९।२६ | सु.बि.सु. ईन्टरप्राईजेज, बिराटनगर | अस्पतालमा प्रयोग हुने स्वास्थ्य उपकरण | ७५०।०८०।९।६<br>७५१।०८०।७। ३० | २२१८१९।०० |
| ११. | मर्मत संभार कोष | २१।०८१। ३।२४ | पध्मसम्भव ट्रेड एण्ड सप्लायर्स, भोजपुर | ईलेक्ट्रिकल मालसामान खरिद | १५।०८१।३।२१ | ४४३१३०।०० |
| १२. | संघ शसर्त पूँजिगत | ५४।०८१। ३।२२ | पध्मसम्भव ट्रेड एण्ड सप्लायर्स, भोजपुर | स्ट्रीट सोलार जडान | १३।०८१।३।२० | ७९३०७९।०० |
| १३. | नगरपालिका पूँजिगत | ३२८। ०८१।३। १७ | पध्मसम्भव ट्रेड एण्ड सप्लायर्स, भोजपुर | ब्राण्डेड डेल ल्यापटप कप्पुटर खरिद | ०८।०८१।३।२ | २५०२९५।०० |
| | | | लर्ड बुद्ध ट्रेड एणड सप्लायर्स, भोजपुर | ब्राण्डेड ल्यापटप कप्पुटर खरिद | २६।०८१।१।२० | १९७७५०।०० |
| १४. | नगरपालिका | २५६। | लर्ड बुद्ध ट्रेड एणड | ल्यापटप २ थान, एक्सटर्नल हार्डडिक्स, | २१।०८०।११। | २४७४७०।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूँजिगत | ०८१।१।२३ | सप्लायर्स, भोजपुर | राउटर लगायतका सामग्रीहरु खरिद | २१ | |
| १५. | नगरपालिका पूँजिगत | ४४।०८१।३।१५ | लर्ड बुद्ध ट्रेड एणड सप्लायर्स, भोजपुर | लेजर प्रिन्टर कार्टेज | २७।०८१।१।२६ | ९०४००।०० |
| १६. | नगरपालिका पूँजिगत | ३६।०८१।२।३२ | लर्ड बुद्ध ट्रेड एणड सप्लायर्स, भोजपुर | कम्पुटर तथा प्रिन्टर मर्मत | १७।०८०।११।१५ | ८०७९५।०० |
| १७. | प्रदेश पूँजिगत | ३२८।०८१।३।१७ | लर्ड बुद्ध ट्रेड एणड सप्लायर्स, भोजपुर | साना सिचाईका टुल्स एण्ड सप्लायर्स, भोजपुर | २३।०८०।१२।१५ | ११३८४७।५० |
| १८. | नगरपालिका पूँजिगत | ३६।०८०।९।६ | नेपाल कम्पुटर सप्लायर्स, काठमाण्डौ | ल्याप्टप, प्रोजेक्टर, फोटोकपी मेशिन | १०९।०८०।७।१२ | १३७८६०।०० |
| १९. | नगरपालिका पूँजिगत | ३५९।०८९।३।२२ | शेर्पा ट्रेड एण्ड सप्लायर्स, धरान | ब्राण्डेड डेक्सटप कप्पुटर खरिद | ४८।२०२४।७।१ | १५००००।०० |
| २०. | नगरपालिका पूँजिगत | ३४८।०८१।३।२० | चिनो फर्निचर उद्योग, भोजपुर | फर्निचर खरिद | १७३।०८१।२।३२ | १६६११०।०० |
| २१. | नगरपालिका पूँजिगत | १२४।०८०।११।१० | चिनो फर्निचर उद्योग, भोजपुर | फर्निचर खरिद | ६८।०८०।९।३ | ४२६०१०।०० |
| २२. | नगरपालिका पूँजिगत | ५।०८०।०६।२५ | एञ्जल फर्निचर, फर्निचर | दराज खरिद | ०४।०८०।६।२२ | २२८०३४।०० |
| २३. | नगरपालिका पूँजिगत | १२३।०८०।११।९ | सरस्वती हार्डवेयर+चिनो फर्निचर | फर्निचर कार्यालय सामान लगायत खरिद | विभिन्न | १७८७०९।०० |
| २४. | नगरपालिकापूँजिगत | ३८३।०८१।३।२४ | वोङ्गमु कन्ष्ट्रकसन, भोजपुर | न्यायिक समिति ईजलास निर्माण, फर्निचर खरिद | ०१।०८१।३।२० | ५४१७०२।५० |
| २५. | नगरपालिका पूँजिगत | ३४०।०८१।३।१८ | चन्द्रमुखी निर्माण सेवा, भोजपुर | ६ चौतारादेखि टक्सार देउरालीसम्म सडक स्तरोन्नती | २।०८१।३।१५ | ३४३३४५।०० |
| २६. | नगरपालिका पूँजिगत | १८२।०८०।१२।९ | एस.एण्ड एस.कन्स्ट्रक्सन, भोजपुर | कञ्चनजंघा कृषि सडक बाटो ढलान | २।०८०।१२।०८ | ९६४३९६।०० |
| २७. | नगरपालिका पूँजिगत | १८१।०८०।१२।०९ | चोमोलुङ्गमा निर्माण सेवा, भोजपुर | वर्थिङ्ग सेन्टर मर्मत तथा शौचालय निर्मण | ४।०८०।१२।८ | २४०२०२।०० |
| २८. | नगरपालिका पूँजिगत | ३७७।०८१।३।२४ | मोक्तान निर्माण सेवा, भोजपुर-७, डाँडागाउँ | बसपार्क ग्याबियन जाली निर्माण | १।०८१।३।२३ | ७८६७९६।८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९. | नगरपालिका पूँजिगत | १०६। ०८०।१०। १९ | ए.पि.आर. निर्माण सेवा, भोजपुर | गौरीखोल्सी ग्याबियन जाली निर्माण | ०७।०८०।१०। १७ | ४७७४७१।०० |
| ३०. | नगरपालिका पूँजिगत | ३३०। ०८१।३। १८ | दिला निर्माण सेवा, भोजपुर | नगरपालिका पार्किङ्ग निर्माण | ४।०८१।३।५ | ९२६५९७।०० |
| ३१. | नगरपालिका पूँजिगत | ५८।०८१। ३।२३ | मुकुल निर्माण सेवा, सिद्धेश्वर-३, भोजपुर | सियाली भञ्ज्याङ्गदेखि कोटडाँडा ठुलो पिपलहुँदै सिमलभञ्ज्याङ नाली निर्माण | ५८।०८१।३।२३ | ६७६५६४।०० |
| | | | | | **जम्मा** | **११९८३४२९। ३०** |

६८ **प्राकृतिक स्रोतको रोयल्टी :-**

कोशी प्रदेश आर्थिक ऐन, २०८० को दफा ७(१), अनुसूची-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण सामग्रीमा रु.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाईएन। कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि सबै स्रोतहरुमा ठेक्का लगाएको छैन।विभिन्न योजनाहरुमा स्थानीय खोलानाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा आंशिक रुपमा गरेको पाइयो । नगरपालिकाबाट आगामी दिनमा विभिन्न योजनामा प्रयोग हुने निर्माण सामग्री बापतको रोयल्टी रकम यकिन गरी असुल गर्नु पर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | योजनाको नाम | प्रयोग निर्माण सामग्री (बर्ग फिटमा) | | | | कुल परिमाण | प्रति बर्ग फिट दर (मू.अ.कर सहित) | असुल गर्नु पर्ने जम्मा | असुल भएको | नपुग रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ढुङ्गा | गिट्टी | बालुवा | ग्राभेल | | | | | |
| १. | नगरपालिका पूँजिगत | ३५४। ०८१। ३।२१ | जिमीगाउ कुलो सिचाई योजना | ५०४५ | ५३१८ | ० | ० | १०३६३ | ७।९१ | ८१९७१ | ३१५५० | ६९३५१ |
| | | | | ० | ० | २७९२ | ० | २७९२ | ६।७८ | १८९३० | | |
| २. | नगरपालिका पूँजिगत | ३५३। ०८१। ३।२१ | सानो पालुवा कुलो सिचाई योजना | २१०४ | १८९१ | ० | ० | ३९९५ | ७।९१ | ३१६०० | १२६५६ | २६७८२ |
| | | | | ० | ० | ११५६ | ० | ११५६ | ६।७८ | ७८३८ | | |
| ३. | नगरपालिका पूँजिगत | ३४९। ०८१। ३।२० | टारबारी कुलो सिचाई योजना | ५४१० | ५५०४ | ० | ० | १०९१४ | ७।९१ | ८६३३० | ३६६१४ | ७३६३६ |
| | | | | ० | ० | ३५२८ | ० | ३५२८ | ६।७८ | २३९२० | | |
| ४. | नगरपालिका पूँजिगत | ३३८। ०८१। ३।१८ | झुले ठुलो कुलो सिचाई योजना | १३६३ | १७६१ | ० | ० | ३१२४ | ७।९१ | २४७११ | ० | ३२६५७ |
| | | | | ० | ० | ११७२ | ० | ११७२ | ६।७८ | ७९४६ | | |
| ५. | नगरपालिका पूँजिगत | ३३४। ०८१। ३।१८ | भेडेघारी कुलो सिचाई योजना | २३३८ | १९१२ | ० | ० | ४२५० | ७।९१ | ३३६१८ | १६५९७ | २६४३२ |
| | | | | ० | ० | १३८८ | ० | १३८८ | ६।७८ | ९४११ | | |
| ६. | नगरपालिका पूँजिगत | ३१५। ०८१। ३।७ | घट्टे खोला कुलो सिचाई योजना | ६६८७ | ३९८७ | ० | ० | १०६७४ | ७।९१ | ८४४३१ | ४४५०३ | ६१७१९ |
| | | | | ० | ० | ३२१४ | ० | ३२१४ | ६।७८ | २१७९१ | | |
| ७. | नगरपालिका पूँजिगत | ३१३। ०८१। ३।७ | ढुङ्गेबास कुलो सिचाई योजना | १८५४ | १५२९ | ० | ० | ३३८३ | ७।९१ | २६७८३ | १९५६९ | १४४५५ |
| | | | | ० | ० | १०६८ | ० | १०६८ | ६।७८ | ७२४१ | | |
| ८. | नगरपालिका पूँजिगत | ३१०। ०८१। ३।२ | भैसार कुलो सिचाई योजना | २१०२ | ११६८ | ० | ० | २२७० | ७।९१ | १७९५६ | १२८११ | १२८४७ |
| | | | | ० | ० | ११३६ | ० | ११३६ | ६।७८ | ७७०२ | | |
| ९. | नगरपालिका पूँजिगत | २८१। ०८१। २।७ | भामराङ्ग डाँडा बोखिम शिवालय सडक सोलिङ्ग | ११८९६ | ५१० | ० | ० | १२४०६ | ७।९१ | ९८१३१ | ६९४७५ | ३०३६५ |
| | | | | ० | ० | २५२ | ० | २५२ | ६।७८ | १७०९ | | |
| १०. | नगरपालिका पूँजिगत | २१९। ०८१। १।१२ | देउराली पालुवा सडक अन्तर्गत पालुवा स्कुल गुम्बा सडक खण्ड स्तरोन्नती | ४४७६ | ० | ० | ० | ४४७६ | ७।९१ | ३५४०५ | २६१०५ | ९३०० |
| ११. | नगरपालिका पूँजिगत | १८३। ०८०। | देउराली पालुवा सडक अन्तर्गत भेटघाट | ३९२६ | ० | ० | ० | ३५९९ | ७।९१ | २८४६० | २२९२९ | ५५३१ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १२। १९ | चोकदेखि कालिमाटीसम्म सडक स्तरोन्नती | | | | | | | | | |
| १२. | नगरपालिका पूँजिगत | ५१। ०८०। ९।१७ | पञ्चेटार बर्खेटार सडक सोलिङ्ग योजना | २५१५ | ० | ० | ० | २५१५ | ७।९१ | १९८९४ | ० | १९८९४ |
| १३. | नगरपालिका पूँजिगत | ३७। ०८१। ३।२४ | नाकाम खानेपानी कुलो सिचाई योजना | ४१६३ | २९०४ | ० | ० | ७०६७ | ७।९१ | ५५९०० | ३०७२७ | ३६८८९ |
| | | | | ० | ० | १७२८ | ० | १७२८ | ६।७८ | ११७१६ | | |
| १४. | संघीय शसर्त पूँजिगत | ४३। ०८१। ३।११ | खप्राङ्गे पिखुवा ट्रस ब्रिज निर्माण | ८१३८ | ४१० | ० | ० | ८५४८ | ७।९१ | ६७६१५ | ६१५२३ | १९२४५ |
| | | | | ० | ० | १९४० | ० | १३१५३ | ६।७८ | १३१५३ | | |
| | | | | | | | | | | | जम्मा | ४३९१०३ |

## ६९ साना सिंचाइ योजनाः-

साना सिचाई योजना (SIP) को कुल लागतमा संघीय सरकारबाट २० प्रतिशतले हुन आउने रकममात्र लागत सहभागिता रहने व्यवस्था छ । पालिकाले निम्नानुसारको साना सिचाई योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार संघीय सरकारले ब्यहोर्नु पर्ने २० प्रतिशत रकमभन्दा बढी भुक्तानी भएको पाइयो । आगामी दिनमा नगरपालिकाले लागत साझेदारी बापतको रकम तोकिएको प्रतिशत अनुसार गणना गरी यकिन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | गो.भौ./मिति | योजनाको नाम | योजना कुल लागत रु. | संघीय सरकारले ब्यहोरेको रु. | संघीय सरकारले ब्यहोर्नु पर्ने रु. | बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|---|
| १. | ५२।०८१।३।२१ (सं. श. पूँजिगत) | जिमी गाउँ कुलो सिचाई योजना | ६२१७९९९। ५३ | १२७१०००।०० | १२४३५९९।९१ | २७४००।०० |
| २. | ५१।०८१।३।२१ (सं. श. पूँजिगत) | सानो पालुवा खोला सिचाई योजना | २३६०४२३। ५५ | ५०००००।०० | ४७२०८४।७१ | २७९१५।२९ |
| ३. | ५०।०८१।३।२० (सं. श. पूँजिगत) | टारबारी कुलो सिचाई योजना | ७०१०९८०। १४ | १४२००००।०० | १४०२१९६।०३ | १७८०३।९७ |
| ४. | ४८।०८१।३।१८ (सं. श. पूँजिगत) | झुले ठुलो कुलो सिचाई योजना | २४३७४०२। ३६ | ४९३२८७।०० | ४८७४८०।४७ | ५८०६।५३ |
| ५. | ५९।०८१।३।२४ (सं. श. पूँजिगत) | नाकाम खानेपी कुलो सिचाई योजना | ४४०९७८०। ४६ | ९४५०००।०० | ८८१९५६।०० | ६३०४४।०० |
| | | जम्मा | २२४३६५८६। ०४ | ४६२९२८७।०० | ४४८७३१७।१२ | १४१९६९।७९ |

## ७० कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु. ३१,४३,३११।- खर्च गरेको छ।उपभोक्ता समिति

मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु नियमसँगत नदेखिएकोले नियमित हुनुपर्दछ । रु..

| क्र. सं . | ब.उ.शी.नं. | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका पूँजिगत | १०१।०८०।१०।१५ | वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापन उ.स. वडा नं.-९ | वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापन | वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापन | ३१४३३११ |
| | | | | | जम्मा | ३१४३३११ |

| अनियमित भएको | ३१,४३,३११ |
|---|---|

७१ **कर विवरणः**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको एकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । निम्न फर्म आन्तरिक राजस्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो।यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन हुन सकेन।यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ । रु.......

| **सि.नं.** | **ब.उ.शि.नं.** | **गो.भौ./मिति** | **फर्मको नाम** | **बापत** | **बिजक नं./मिति** | **भ्याट बाहेक भुक्तानी** | **मू.अ.कर रु.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३६१।०८१।३।२२ | मल्टी ईन्जिनियरिङ्ग डिजाईन कन्सल्ट, सुनसरी (१०६०६६३०६) | Detailed survey, design & estimate of different2 roads | ०६।०८१।३।२१ | १७४१५०।०० | २२६३९।५० | मिति-२०८० भाद्रदेखि मू.अ.कर NON-FILLER रहेको |
| २. | नगरपालिका पूँजिगत | ३६१।०८१।३२२ | मल्टी ईन्जिनियरिङ्ग डिजाईन कन्सल्ट, सुनसरी | Detailed survey, design & estimate of different2 roads | ०६।०८१।३।२१ | १७४१५०।०० | २२६३९।५० | ,, ,, |
| ३. | नगरपालिका पूँजिगत | २१३।०८१।१।२ | डि.एण्ड जे एस निर्माण सेवा, भोजपुर (११६८२९२७८) | झुसेबरबाट पिप्ले जोडने सडक स्तरोन्नती | १।०८१।१।२ | १५६६९१।१० | १४२५९।०० | मिति-२०८० जेष्ठदेखि मू.अ.कर NON-FILLER रहेको |
| ४. | नगरपालिका पूँजिगत | १०६।०८०।१०।१९ | ए.पि.आर. निर्माण सेवा, भोजपुर | गौरीखोल्सी ग्याबियन जाली निर्माण | ०७।०८०।१०।१७ | ४२२५४१।०० | ३८४५१।०० | मिति-२०८० जेष्ठदेखि मू.अ.कर NON-FILLER रहेको |
| | | | | | **जम्मा** | **९२७५३२।१०** | **९७९८९।१०** | |

| प्रमाण पेश नगरेको | ९७,९८९.१ |
|---|---|

७२ **पूर्व निर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्न फर्महरुबाट परामर्श सेवा खरिद गर्ने गरी सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न भएको पाईएन । यसरी तोकिएको अवधिभित्र कार्य सम्पन्न नगर्ने फर्महरुबाट नियमावलीमा भएको व्यवस्था अनुसार पूर्ब निर्धारित क्षतिपूर्ति असुल गरेको नपाईएको हुँदा गणना गरी रु. १,०८,४५४।- असुल हुनुपर्दछ ।रु..

| सि.नं. | गो.भौ./ मिति | निर्माण ब्यबसायीको नाम | कामको विवरण | सम्झौता रकम (मू.अ.कर बाहेक) | कार्य सम्पन्न हुनुपर्ने मिति | कार्य सम्पन्न भएको मिति | पूर्ब निर्धारित क्षतिपूर्ति लाग्ने दिन संख्या | पूर्ब निर्धारित क्षतिपूर्ति रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६६। ०८१।३। २२ | उत्तम बुद्ध निर्माण सेवा, काठमाण्डौ | स्वास्थ्य चौकी निर्माण | १६८३६२८ | २०८१।२। ३१ | २०८१।३। २३ | २४ | २०२०४ |
| २ | ३५६। ०८१।३। २३ | राजेन्द्र एण्ड रमण कन्ष्ट्रक्सन प्रा.लि., रसुवा | आम्तेक भोजपुर सडक | ८०२२६८७ | २०८१।२। ३१ | २०८१।३। २१ | २२ | ८८२५० |
| | | | | | | | जम्मा | १०८४५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,४५४ |

७३ **अन्य कार्यालयको खर्च**-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय सामान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट विनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना भएमा आफ्नो आन्तरिक स्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।

**केही उदाहरणहरु:-**

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ./ मिति | फर्मको नाम | भुक्तानी पाउने कार्यालय/संस्थाको नाम | प्रयोजन/कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३७८। ०८१।३। २४ | लाक्पा सप्लायर्स एण्ड प्रिन्टर प्रेस, भोजपुर | जिल्ला ट्राफिक प्रहरी कार्यालय, भोजपुर | ब्राण्डेड कम्पुटर सि.पि.यु. खरिद | ५०००० | जिल्ला ट्राफिक प्रहरी कार्यालय, भोजपुरमा दाखिला छैन |
| २. | नगरपालिका पूँजिगत | ३२१। ०८१।३। १६ | लर्ड बुद्ध ट्रेड एण्ड सप्लायर्स, भोजपुर | भोजपुर बहुमुखी क्याम्पस, भोजपुर | हेभी ड्युटी कलर प्रिन्टर | ४५२०० | |
| ३. | नगरपालिका पूँजिगत | १३१। ०८०। ११।१४ | सुन्तले प्रहरी चौकी सिलिङ्ग शौचालय निर्माण उ.स. | सुन्तले प्रहरी चौकी | सिलिङ्ग, शौचालय तथा भान्साघर निर्माण | १०४५३५ | |
| ४. | नगरपालिका पूँजिगत | ४।०८०। ६।२५ | बाटुली घर ग्रिल उद्योग गणेश लक्ष्मी सप्लायर्स | शसस्त्र प्रहरी बल, भोजपुर | शसस्त्र प्रहरी बल कार्यालय व्यवस्थापन | ५०००० | |
| | | | | | **जम्मा** | **२४९७३५** | |

७४ **परामर्श खर्च:-**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डि.पी.आर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर. तथा अध्ययन प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक तथा विषयगत जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक तथा विषयगत जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरुलाई कार्यान्वियनमा लैजान पालिकाले ध्यान दिनु पर्दछ।पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर तथा अन्य विषयगत प्रतिवेदन तयार गर्ने साथै आवश्यकता बेगर प्रतिवेदन बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि.नं. | गो.भौ./मिति | गो.भौ./ मिति | परामर्शदाताको नाम | अध्ययनको बिषय | आयोजनाको लागत (मू.अ.कर सहित) | परामर्श सेवाको लागत अनुमान (मू.अ.कर सहित) | भुक्तानी रकम (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३६२। ०८१। ३।२२ | कोईन ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि., ईटहरी | Detailed survey, design & estimate of different3 roads | ५९०९१६१३१ | ४९७२०० | ४९५४३७। ०० | ३ वटा योजना हालसम्म कार्यन्वयनमा नगएको |
| २. | नगरपालिका पूँजिगत | ३६१। ०८१। ३।२२ | मल्टी ईन्जिनियरिङ्ग डिजाईन कन्सल्ट, सुनसरी (१०६०६६३०६) | Detailed survey, design & estimate of different2 roads | २६३५४८१५२ | १९८००० | १९६७८९। ५० | २ वटा योजना हालसम्म कार्यन्वयनमा नगएको |
| ३. | नगरपालिका पूँजिगत | ३६१। ०८१। ३२२ | मल्टी ईन्जिनियरिङ्ग डिजाईन कन्सल्ट, सुनसरी | Detailed survey, design & estimate of different2 roads | २६३५४८१५१ | १९८००० | १९६७८९। ०० | २ वटा योजना हालसम्म कार्यन्वयनमा नगएको |
| ४. | नगरपालिका चालु | ८७४। ०८१। ३।२२ | बि.एण्ड बिई ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, सुनसरी | Detailed survey, design & estimate of Suntale-Aahaledanda-Dhara-Helauchha Road | ५०९५०३७७२ | ४९७२०० | ४९४१६०। ०० | योजना हालसम्म कार्यन्वयनमा नगएको |
| ५. | नगरपालिका चालु | ८७३। ०८१। ३।२२ | आईकन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, ईटहरी | Detailed survey, design & estimate of Dhapkharka-Bhamrang-Danda-Bokhim Dhobhane Road | ४१४०३१७६५ | ४९७२०० | ४९४७९९। ०० | योजना हालसम्म कार्यन्वयनमा नगएको |
| ६ | ६७१।२। ३२ | १।२। २४ | लाइट इन्जिनियरिङ कन्सल्टेन्सी भोजपुर | लैंगिक समानता तथा सामाजिक समावेशीकरण अध्ययन प्रतिवेदन | २७२१७१ | २८१८०६ | २७२१७१ | अनुभवको प्रमाणपत्र पेश नभएको |
| ७ | ६७७।३।५ | ५।२। ३२ | छेन्चुली इन्जिनियरिङ्ग कन्सल्टेन्सी भोजपुर | फोहोर मैला लगत संकलन | ३५७०९१ | ३६९७३१ | ३५७०९१ | अनुभवको प्रमाणपत्र पेश नभएको |
| ८ | ७१८।३। १५ | ९।३। ७ | अरुणभ्याल्ली इन्जिनियरिङ्ग कन्सल्ट एण्ड बिल्डर्स भोजपुर | आर्थिक सर्वेक्षण प्रनिवेदन तयारी | ४४६३०४ | ४६२१०३ | ४४६३०४ | अनुभवको प्रमाणपत्र पेश नभएको |
| | | | | | | जम्मा | २९५३५४०.५ | |

७५ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७६ **सहकारी तथा संघ लगायतका संस्थालाई अनुदान:-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार बिकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्बेश्यले स्थापित सहकारी लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न कृषि सहकारी, सामुदायिक बन, अन्य प्रतिष्ठान लगायत नाफामुलक विभिन्न संस्थालाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएको पाइयो । यसरी नाफा कमाउने उद्बेश्यले स्थापना भएका सहकारी लगायतका विभिन्न निजी संस्थाहरुलाई भुक्तानी दिनु नियमसम्मत देखिएन ।

**केही उद्धाहरणहरु:-**

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ./मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/ अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३४४।०८१। ३।१९ | नेपाल नगरपालिका संघ, लाजिम्पाट | संघको भवन निर्माण | ५००००० | |
| २. | नगरपालिका पूँजिगत | ३२९।०८१। ३।१७ | शुलिला- बिशेश्वर स्मृति प्रतिष्ठान, बिराटनगर | फर्निचर खरिद सहयोग | २२९९५५ | |
| ३. | नगरपालिका पूँजिगत | २९१।०८१। २।१४ | सुन्तले बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बोखिम, भोजपुर | डेक्सटप कम्पुटर र प्रिन्टर खरिद | ६५००० | |
| ४. | नगरपालिका पूँजिगत | २९१।०८१। २।१४ | मयुङ्ग कृषि सहकारी संस्था, गुप्तेश्वर | ल्यापटप डेल | ६०००० | |
| ५. | नगरपालिका पूँजिगत | २५६।०८१। १।२३ | सहयात्रा नेपाल, भोजपुर | ल्यापटप २ थान, एक्सटर्नल हार्डडिक्स, राउटर र स्टेशनरी सहयोग | ३२०६९४ | |
| ६. | नगरपालिका पूँजिगत | २३२।०८१। १।१७ | गोपिनी सामुदायिक बन उपभोक्ता समुह, भोजपुर | चेन्सो मेशिन तथा बन गोडमेल गर्ने मेशिन खरिद | ९७००० | |
| ७. | नगरपालिका पूँजिगत | ३६।०८०।९। ६ | सिद्धकाली महिला बचत तथा सहकारी संस्था | फोटोकपी मेशिन खरिद | २८०२४ | |
| ८ | पालिका चालू | ११७।८।१५ | पालिका द्वारा निर्मित | ट्याक्सी व्यवसायीहरुलाई टिकट काउन्टर निर्माण गरेको | २२८५४५ | गत आ व कोभुक्तानी बाँकी |
| ९ | पालिका चालू | ७९७-०८१। ३।१९ | आंशु डान्स स्टुडियो भोजपुर | गिटार खरिद गर्न मनोज खनाललाई भुक्तानी गरिएको | ११०१७५ | |
| १० | पालिका चालू | ७७८-०८१। ३।१८ | ॐ सप्लायर्स तथा मनि ट्रान्सफर भोजपुर | सुविसु कम्पनीको नेट विस्तारको लागि अप्टिकल फाइबर तार खरिद | २३६३३२ | यस बापतपालिकालाई उपलब्ध हुने सेवा सुविधा केही पनि उल्लेख नभएको |
| ११ | पालिका चालू | ७९५-०८१। ३।१९ | सहयात्रा नेपाल | सहयात्रा नेपाल पुस्तक प्रकाशन | ९७००० | सम्झौतामा ३०० थान पुस्तक रु २५० का दरले छपाइ गर्ने भनिएता पनि प्राप्त पुस्तकमा छपाइ प्रति उल्लेख नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | पालिकासँग सरोकारित कुनै पनि सन्देश , सुचना तथा सामग्री छपाई नभएको । |
| १२ | | ६८९-२०८१।३।८ | उज्यालो भोजपुर | उज्यालो भोजपुर नामक संस्थाको लागि विभिन्न इलेक्ट्रोनिक्स सामग्री सप्लाइ गरे बापत पध्मसम्बभ ट्रेड सप्लायर्स भोजपुरलाइ भुक्तानी | ४९९४६० | संझौतामा तालिम संचालन गर्ने भनिएता पनि संझौता बमोजिम तालिम संचालन गरेको पाइएन। |

| | |
|---|---|
| अनियमित भएको | १३,००,६७३ |

७७ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

७७.१ **सीप विकास तालिमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा २५ जना नयाँ उद्यमी सृजना गर्न र २० जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (नयाँ उद्यमशिलता विकास तालिममा रु.१,२०,०००।-, प्राविधिक सीप विकास तालिममा रु.३,००,०००।-, एड्भान्स सीप विकास तालिमको लागि रु. २,४०,०००) रु. ६,६०,०००।- बजेट व्यवस्थापन र खर्च गरी २१ जना नयाँ उद्यमीलाई १ महिने झोला बुनाई तालिम, स्तरोन्नतितर्फ १८ जनालाई ५ दिने पशुपालन तालिम र २६ जनालाई ५ दिने वेमौसमी तरकारी खेती तालिम दिएको जनाएको छ । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिबमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | तालिमको नाम | वडा नं. | तालिम संचालन दिन | लक्ष्य संख्या | तालिममा सहभागी भएको संख्या | खर्च रकम |
|---|---|---|---|---|---|---|
| | नयाँ उद्यमी सिर्जननतर्फ | | | | | |
| १. | उद्यमशिलता विकास तालिम | ९ | ८ दिने | २५ | २१ | १२००००. |
| २. | प्राविधिक सिप विकास झोला बुनाई तालिम | ९ | १ महिना | | २१ | ३, ०० , ००० . ०० |
| | जम्मा | | | | २१ | ४२००००. |
| | स्तरोन्नति तर्फ | | | | | |
| ३. | बेमौसमी तरकारी खेती तालिम | १२ | ५ दिने | २० | २६ | २, ४० , ००० . ०० |
| ४. | पशुपालन सम्बन्धि तालिम | | ५ दिने | | १८ | |
| | जम्मा | | | २० | ४४ | २४००००. |

७७.२ (४१०-२०८१-३-२२):

**प्रविधि हस्तान्तरण (स्तरोन्नतीतर्फ)** - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निर्देशिका बमोजिम पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा १,४०,०००।- बाट Chaff Cutter प्रतिगोटा रु.३४,८००।- का दरले ३ वटाको जम्मा रु.१,०४,४००।- र एक वटा Bruss Cutter रु.३५,६००।- गरी जम्मा रु.१,४०,०००।- को सामान खरिद गरी वडा नं. १२ का मातृभूमि लघु उद्यमी समूहलाई वितरण गरेको देखियो । प्रविधि हस्तान्तरण गर्दा अनुसूची १३ बमोजिमको ढाँचामा सम्झौता गरी

हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिम गरेको देखियो । प्रविधि हस्तान्तरण गरिएका सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनुपर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ । साथै निर्देशिकामा भएको व्यवस्था बमोजिम उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम रु.२८,०००।– कट्टा गर्नुपर्नेमा रु. १४,०८०।– मात्र कट्टा गरेको पाइएकोले नपुग रु.१३,९२०।-असुल गरी संघीय संचित कोष दाखिला भएको प्रमाण पेश हुनुपर्दछ । रु.

| क्र.सं. | पाउनेको नाम | मेसिन औजारको नाम | परिमाण | मुल्य | २० प्रतिशतले हुन आउने रकम |
|---|---|---|---|---|---|
| १ | मातृभूमि लघु उद्यमी समूह | चाप कटर | २ | ६९६०० | १३९२० |
| | जम्मा | | | ६९६०० | १३९२० |

असुल गर्नुपर्ने

७७.३ (४०४-२०८१-३-२२):

**सामग्रीको प्रयोगको अवस्थाः** मेड्पा कार्यक्रमको बजेट रु. ३,००,०००।- र आङ्गिग शिक्षालायवाट आएको बजेट रु. ५,००,०००।- गरी जम्मा रु. ८,००,०००।- वापत भोजपुर नगरपालिका वडा नं ९ मा झोला बुनाई तालिम सञ्चालन गरिएको छ ।प्राविधिक सिप विकास झोला बुनाई तालिम आङ्गिग शिक्षालयको रु ५,००,०००।- र मेड्पा कार्यक्रम अन्तर्गत सिप विकास तालिमवाट रु. ३,००,०००।- गरी जम्मा रु. ८,००,०००।- को सिप विकास सञ्चालन गरिएको छ । यस कार्यक्रममा प्रयोग भएको प्रविधि तपसिलका सहभागिहरुलाई प्रविधि हस्तान्तरण गरिएको छ । वडा नं. ९ का २१ जनालाई १ महिने झोला बुनाइ तालिम सञ्चालन गरी तलिममा रु.३,२७,५००।- खर्च गरी बाँकी रकबाट प्रति गोटा रु.२२,५००।- का दरले २१ वटा सिलाइ मेसिन खरिद गरी देहायका २१ जना उद्यमीहरुलाई वितरण गरेको देखियो । बितरित सामग्रीको सम्झौतामा उल्लेखित अवधिसम्म प्रयोगको अवस्थाको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| क्र स | नाम थर | सिलाइ मेसिनको प्रति एकाइ मुल्य |
|---|---|---|
| १ | अन्जु निरौला | २२५०० |
| २ | मिङ्गमा शेर्पा | २२५०० |
| ३ | पेमलमु शेर्पा | २२५०० |
| ४ | दालमु शेर्पा क | २२५०० |
| ५ | पासाङदिकी शेर्पा | २२५०० |
| ६ | दालमु शेर्पा ख | २२५०० |
| ७ | शान्ता ओझा | २२५०० |
| ८ | मनसोभा तामाङ्ग | २२५०० |
| ९ | नरमाया तामाङ्ग | २२५०० |
| १० | कल्पना तामाङ्ग | २२५०० |
| ११ | सर्मिला तामाङ्ग | २२५०० |
| १२ | मिना गोले | २२५०० |
| १३ | पेम्दिकी शेर्पा ख | २२५०० |
| १४ | सन्ध्या तामाङ्ग | २२५०० |
| १५ | कल्पना देवि तामाङ्ग | २२५०० |
| १६ | निरु तामाङ्ग | २२५०० |
| १७ | पेम्दिकी शेर्पा क | २२५०० |
| १८ | सरस्वती तामाङ्ग | २२५०० |
| १९ | पालुमी राई | २२५०० |
| २० | रमिला गुरुङ्ग | २२५०० |
| २१ | पासाङदिकी शेर्पा ख | २२५०० |
| | जम्मा | ४७२५०० |

७८ **सामाजिक सुरक्षा भत्ता खर्चतर्फः**

७८.१ **सामाजिक सुरक्षा भत्ता निकासाः** वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा नगरगाउँपालिका र सिटिजन्स बैंक ईन्टरनेशनल लि. , माछापुच्छ्रे बैंक लि., लक्ष्मी सनराईज बैँक लि., एनएमबि बैंक, नेपाल इनभेष्टमेन्ट मेगा बैंक, प्रभु बैंक, राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय भोजपुरबीच मिति २०८०।०६।११ मा सम्झौता भई नगरपालिकाभित्र रहेका १२ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र दोस्रो, तेस्रो र चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु.११,१८,५५,४००।- विनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, भोजपुरबाट बैंकलाई रु. ११,१६,१२,३८१।- निकासा दिएको छ । निकासामध्ये बैंकबाट लाभग्राहीको खातामा रु. ११,१५,२९,०२३।- बितरण गरी बाँकी

रू.८३,३५८।- नगरपालिकाको विविध खातामा जम्मा गरेको रकम मिति २०८१।६।२१ मा संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश भएको छ । नगरपालिकाले यस वर्ष भत्ता वितरण गर्न निकासा दिएको विवरण देहायबमोजिम उल्लेखित छन् ।

| क्र.सं. | त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १७४३ | २०६३४७७२ | १७५६ | २०७८८३३४ | १७६७ | २१०१४९८२ | १८०१ | २१४५८०७९ | ८३८९६१६७ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १०७ | ८१९२८० | १०८ | ८४९६०४ | १०७ | ८४५८८० | १०१ | ८०५९८० | ३३२०७४४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २४८ | १९४९७८० | २४८ | १९६४०५५ | २४५ | १९४९७८० | २३७ | १८७१०१० | ७७३४६२५ |
| ४ | विधवा | ३२९ | २५९४०१५ | ३३३ | २६३३४०० | ३४५ | २७१३२०० | ३५३ | २७९५६६० | १०७३६२७५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ५६ | ६६६५९६ | ५६ | ६६४२६६ | ५६ | ६७०३२० | ५७ | ६८२२९० | २६८३४७२ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ९५ | ५८५२०० | ९४ | ६०००९६ | ९४ | ६०००९६ | ९३ | ५९३७१२ | २३७९१०४ |
| ७ | दलित बालबालिका | १३७ | २१०८९५ | १३८ | २१४८६४ | १४२ | २१७२९७ | १४६ | २२०६९० | ८६३७४६ |
| | जम्मा | २७१५ | २७४६०५३८ | २७३३ | २७७१४६१९ | २७५६ | २८०११५५५ | २७८८ | २८४२७४२१ | १११६१४१३ |

नोटः पालिकाले पहिलो र तेस्रो त्रैमासिकमा निकासा गर्दा लाभग्राहीको मृत्यु भएको कारण लाभग्राहीले नपाउने रु.१७५२.०० हिसाब घटाइ पुनः निकासा दिएको हुनाले आर्थिक विवरणमा उल्लेख भएको खर्चभन्दा बढी देखिएको पालिकाको भनाइ रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७८.२ सामाजिक सुरक्षा भत्ता वितरणः पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण देहाय बमोजिम उल्लेखित छन्

| क्र.सं. | त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौस्रो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | संङ्ख्या | रकम | |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १७४३ | २०६३४७७२ | १७५६ | २०७८८३३४ | १७६६ | २१०१४४३० | १८०१ | २१४५८०७९ | ८३८९५६१५ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १०७ | ८१९२८० | १०८ | ८४९६०४ | १०७ | ८४५८८० | १०० | ७९८००० | ३३१२७६४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २४८ | १९४९७८० | २४८ | १९६४०५५ | २४५ | १९४९७८० | २३७ | १८७१०१० | ७७३४६२५ |
| ४ | विधवा | ३२८ | २५८६०३५ | ३३३ | २६३३४०० | ३४५ | २७१३२०० | ३५३ | २७९५६६० | १०७२८२९५ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ५६ | ६६६५९६ | ५६ | ६६४२६६ | ५६ | ६७०३२० | ५७ | ६८२२९० | २६८३४७२ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ९५ | ५८५२०० | ९४ | ६०००९६ | ९४ | ६०००९६ | ९३ | ५९३७१२ | २३७९१०४ |
| ७ | दलित बालबालिका | १३७ | २१०८९५ | १३८ | २१४८६४ | १४२ | २१७२९७ | १४६ | २२०६९० | ८६३७४६ |
| | जम्मा | २७१४ | २७४५२५५८ | २७३३ | २७७१४६१९ | २७५५ | २८०११००३ | २७८७ | २८४१९४४१ | १११५९७६२ |

७८.३ **वडागत सामाजिक सुरक्षा भत्ता बितरणः** पालिकाबाट यस वर्ष वडागत सामाजिक सुरक्षा भत्ता बितरणको लागि निकासा गरेको विवरण देहाय बमोजिम उल्लेखित छन्

| वडामा भएको खर्च | वितरण गर्ने बैंक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| १ | | १५१९३८१ | १५४७१८७ | १५७१२७६ | १५८६१६३ | ६२२४००७ |
| २ | सिटिजन्स | १७७६४५४ | १७८७९६९ | १८१६९०२ | १८४१४९६ | ७२२२८२१ |
| ३ | एन. एम . बी . | २२१५८९५ | २२५५०५६ | २२६३१७२ | २२९३४३५ | ९०२७५५८ |
| ४ | माछापुच्छ्रे | ३१६६६६४ | ३१३१३९५ | ३१४४९९६ | ३१२७१५४ | १२५७०२०९ |
| ५ | लक्ष्मी सनराइज | ३६१८२८२ | ३६७५६३६ | ३६४५५७३ | ३६३८११९ | १४५७७६१० |
| ६ | एन. एम . बी . | १८३०४९१ | १८२५९३८ | १८५३६९७ | १८६५०६५ | ७३७५१९१ |
| ७ | लक्ष्मी सनराइज | १५०४१३८ | १५१६७१२ | १५५८७०२ | १६०६९३५ | ६१८६४८७ |
| ८ | नेपाल इन्भेष्टमेन्ट मेगा | ९३१४३० | ९४०७३० | ९६६५८२ | १०२३६३६ | ३८६२३७८ |
| ९ | | १४००८०२ | १४१८१०३ | १४७०१८२ | १५००८२२ | ५७८९९०९ |
| १० | | २३४६९६५ | २३८०१५० | २३९७५४४ | २४१५७९४ | ९५४०४५३ |
| ११ | प्रभु | २८१०२३८ | २७७६०७८ | २८०१९६० | २८११९३८ | ११२००२१४ |
| १२ | राष्ट्रिय वाणिज्य | ४३३९७९८ | ४४५९६६५ | ४५२०९६९ | ४७१६८६४ | १८०३७२९६ |
| जम्मा | | २७४६०५३८ | २७७१४६१९ | २८०११५५५ | २८४२७४२१ | १११६१४१३३ |

७८.४ **एम.आई.एस विवरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा पहिलो र चौथो त्रैमासिकमा २ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

७९ **वितरणमुखी तथा अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजीनिर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ। वितरणमूखी अनुत्पादक खर्चलाई निरुत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ ।यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरु सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धिमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु पर्दछ ।

| गो.भौ नं/ मिति | ब उ शि नं | भुक्तानी पाउने व्यक्ती तथा संस्था | भुक्तानि रकम | सहायता तथा कार्यक्रम एवं प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| ३९- ०८०।६।२४ | वडा नं ७ पालिका चालु | डाइमण्ड डान्स क्रु कार्यालय व्यवस्थापन | ४८४९९ | उक्त संस्थाको विभिन्न फर्निचर सामग्री खरिद गर्न | डाइमण्ड डान्स क्रु कार्यालय व्यवस्थापन उ स मार्फत कार्य गराएको, संस्था दर्ता नभएको, खरिद गरिएको सामानको स्टोर दाखिला पनि उक्त नाममात्रको कार्यलयकै नाममा भएको,<br>उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदन पनि पेश नभएको |
| ४०-०८०।६।२५ | वडा नं ७ पालिका चालु | महिला पतंजली योग समिति | २५००० | फर्निचर सामग्री खरिद | उक्त कार्यालयको संस्था दर्ता नभएको, महिला पतंजली योग समिति उ स मार्फत कार्य गरेको, खरिद गरिएको सामानको स्टोर दाखिला पनि उक्त कार्यलयकै नाममा भएको तथा उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदन पनि पेश नभएको |
| १८९-०८०।९।१२ | पालिका चालू | नेपाल शिक्षक संघ भोजपुर | १०००० | आर्थिक सहायता | |
| २६४-०८०।१०।१२ | पालिका चालू | तामाङ्ग भाषा प्रशिक्षण कार्यक्रम भोजपुर ११ | १००००० | तामाङ्ग भाषा प्रशिक्षण कार्यक्रम | |
| २७४-०८०।१०।१५ | पालिका चालू | दिङ्गला व्याडमिन्टन संघ | ५०००० | खेलकुद कार्यक्रमको सहयोगार्थ | |
| २८३-०८०।१०।१८ | पालिका चालू | सप्तरङ्ङ्गि युवा क्लव | ५०००० | Speaker खरिद | |
| ३३९-०८०।११।६ | पालिका चालू | नेपाल रेडक्रस सोसाइटी प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन | १४५००० | नेपाल रेडक्रस सोसाइटी भोजपुर | |
| ४१८-०८०।११।३० | पालिका चालू | नेवारी समुदाय बाजा खरिद | १००००० | नेवारी समुदाय बाजा खरिद | |
| ४२३-०८०।१२।२ | पालिका चालू | शेर्पा भाषा कक्षा संचालन | १५०००० | नेपाल शेर्पा संघ नगर समिति | |
| ४३७-०८०।१२।८ | पालिका चालू | छैटौं महिला मेयर कप फूटबल प्रतियोगिता | ४८५००० | भोजपुर जिल्ला फुटवल संघ | |
| ५५७-०८१।१।१८ | पालिका चालू | कम्प्युटर तथा प्रिन्टर लगायतका सामग्री खरिद | १३०००० | मदन भण्डारी अध्ययन तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुसन्धान केन्द्र | |
| ६५१-०८१।२।२१ | पालिका चालू | ब्याडमिन्टन प्रतियोगिता | ४८५००० | भोजपुर जिल्ला व्याडमिन्टन एशोसिएसन | |
| ७७५-०८१।३।१८ | पालिका चालू | विभिन्न प्रकारका फर्निचर खरिद चिनो फर्निचरबाट | ५०००० | जनजाती लक्षित कार्यालय व्यवस्थापन | कुर्सी दराज सामग्री खरिद गरेको, उक्त कार्यालयको संस्था दर्ता पनि नभएको, त्यो संस्थामा दाखिला भएको प्रमाण पनि पेश नभएको |
| ८९२-०८१३।२३ | पालिका चालू | तामाङ्ग दाहासंस्कार स्थल निर्माण उ स | ९१०४७ | तामाङ्ग दाहासंस्कार स्थल निर्माण | |
| ७५७-०८१।३।१७ | नगरपालिका चालु | ज्योतिष परिषद् नेपाल, भोजपुर | ४८५००० | आधारभूत प्रारम्भिक ज्योतिष तालिम | |
| जम्मा | | | २४०४५४६ | | |

८० **राजस्व तर्फः**

८०.१ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २,९२,५५,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २ मा रु. २,२३,५३,५२५.६० अर्थात अनुमान भन्दा २२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८०.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **१,१९८,८०८.२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८०.३ **कर तथा शुल्क असुलीः**थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | २५००००० | २९०३२६०.६२ | ११६.१३ |
| भूमि कर मालपोत | २०००० | १४६६५.२ | ७३.३२ |
| बहाल कर | ३३,००,०००.०० | २२,८३,७३९.१२ | ६९.२ |
| व्यवसायले भुक्तानी गर्ने | १,००,०००.०० | ५९८५९ | ५९.६८ |
| अन्य कर | १००००० | ६१२८३ | ६२.२३ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ९००००० | १०५६८०० | ११७.४२ |
| अन्य सेवा शुल्क तथा बिक्री | ३,९०,००० | ३०११०० | ७७.२१ |
| न्यायिक दस्तूर | २५००० | २४८२५ | ९९.३ |
| नक्सापास दस्तुर | ३००००० | २,९५,१११.८१ | ९८.३७ |
| सिफारिश दस्तुर | १५,००,००० | ११०७३५४.३६ | ७३.८२ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ११०३०० | ५५.१५ |
| प्रशासनिक दण्ड , जरिवाना र जफत | २००००० | १३०३६२.६१ | ६५.१८ |
| अन्य राजस्व | १,२५,७०,००० | ४५,०१,४९७.७८ | ३५.८२ |
| व्यवसाय कर | ३७,४५,००० | २६१४६५८.९९ | ६७.८२ |
| अन्य दस्तुर | १२५७००००० | ११३७०४६०.७९ | ९०.४६ |
| जम्मा | १,२५,७०,००० | १,१३,७०,४६१ | ९०. |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८०.४ **वडागत राजस्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका १२ वडाहरुमध्ये वडा नं. ६, ७ र ९ को राजस्व पालिकाबाटै संकलन भएको पाइयो । बाकी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.१७,०३०।- कम बैंक दाखिला भएको पाइयो ।यस सम्बन्धमा कम दाखिला भएको एकिन गरि हिसाब मिलान हुनु पर्दछ । रु.

| वडा नं | आम्दानी रकम | दाखिला | दाखिला बाँकी |
|---|---|---|---|
| १ | १,७७,३६३.६७ | १,७६,३६३.६७ | १००० |
| २ | २,१८,६२५.२० | २,०२,५९५.२० | १६,०३०.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०३० |

८१ **तीज कार्यक्रमः** (१८८-२०८०-९-१२):

नेपाल महिला संघ जिल्ला कार्य समिति, भोजपुरले तीज कार्यक्रमको लागि सहयोग उपलब्ध गराइदिन भनी मिति २०८०।९।८ गते पत्र लेखेको आधारमा पालिकाबाट रु.२०,०००।– उपलब्ध गराएको पाइयो । उपलब्ध रकमबाट नेपाल महिला संघले मिति २०८० पौष ६ देखि ९ गतेसम्म खाना तथा खाजा बापत गरेको खर्चको बिल पेश भएको देखियो । नेपाली महिलाहरुले मनाउने तीज पर्व विशेष गरी भाद्र महिनामा पर्ने भएकोले पौष महिनामा निवेदन लेख्ने, पालिकाबाट खर्च रकम उपलब्ध गराउनु र खर्चको बिल भरपाई समेत पौष महिनाको पेश हुनुले उपलब्ध रकमबाट तीज पर्व नै मनाएको भन्न सकिने आधार देखिएन । पालिकाले यस्ता प्रवृत्तिका खर्चमा नियन्त्रण गर्नु पर्दछ साथै खर्च भएको रकम सम्बन्धित कार्य प्रयोजनमा भए नभएको एकीन गरी खर्च रकम नियमित हुनुपर्दछ । रु.

| | |
|---|---|
| अनियमित भएको | २०,००० |

८२ **सामाजिक विकास तथा अनुसन्धान केन्द्र, भोजपुरः** (६३२-२०८१-२-१६):

नगरपालिकाले उत्कृष्टी शिक्षक तथा कृषक सम्मान कार्यक्रमको लागि सामाजिक विकास तथा अनुसन्धान केन्द्र, भोजपुरलाई रु.१,४०.०००।– उपलब्ध गराएको पाइयो । उपलब्ध रकमबाट सामाजिक विकास तथा अनुसन्धान केन्द्र, भोजपुरले कार्यक्रम सञ्चालन गरी शिक्षक तथा कृषकलाई सम्मान गरेको पाइयो । नगरपालिका आफैले गर्न सक्ने प्रविवित्तिका यस्ता कार्यक्रम अन्य कार्यालयबाट गराउन उचित देखिएन । यस्ता प्रवृत्तिका खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८३ **सूचना प्रकाशन सम्बन्धमाः**

विधुत्तीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को निर्देशन नं. ४५ मा विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र आव्हान गरिएको अवस्थामा बोलपत्र खरिद प्रकृयासँग सम्बन्धित कुनैपनि सूचना अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन भनी उल्लेख छ । पालिकाले विभिन्न पत्रिकाहरुमा पटक पटक सूचना प्रकाशन गरी रु. ११,०४,४५८।- भुक्तानी गरेको छ । उक्त निर्देशिकाको पालना भएको पाईएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भोजपुर नगरपालिका , भोजपुर नगरपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री मुकुन्द राई | २०८१-४-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मुकुन्द राई | २०७८-४-१ | २०८१-४-३० |
| लेखा प्रमुख | श्री पुष्प राज राई | २०८१-४-३१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३२,६५१ | ४,४६३,९८४ | ३,७११,९३३.३२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,३०८,५६८.३२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,२३१,१३६.२२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,०७७,४३२.१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २७५४५३७८.३३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३८०७५०६० | चालु खर्च | ४२४५९३१४७.७९ |
| प्रदेश सरकारबाट अनुदान | २७७९१००० | पूँजीगत खर्च | १३२८६४८०५.९७ |
| राजश्व बाँडफाँट | ९३७३८५६३.१८ | वित्तीय/अन्य व्यवस्था | १७१४४३७२३.५६ |
| आन्तरिक आय | २२५११५०८९.७३ | | |
| अन्य आय | १३८९६८३०१.४५ | | |
| कुल आय | ७२१०८८०१४.३६ | कुल खर्च | ७२८९०१६७७.३२ |
| बाँकी मौज्दात | | १९७३१७१५.३७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षक अन्यन्त्र पालिकामा काजमा गएको कारण आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक लेखापरीक्षकको व्यवस्था गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।